# गल्याङ नगरपालिकाको शिक्षा योजना

(२०८२/२०८३–२०९१/२०९२)

गल्याङ नगरपालिका

नगर शिक्षा योजना

(२०८२/८३-२०९१/०९२)

# शिक्षा योजना निर्माण कार्यदल

गल्याङ नगरपालिका नगर कार्यपालिकाको मिति २०८२ फागुन १७ गतेको निर्णय अनुसार गठीत
शिक्षा योजना निर्माण कार्यदल

नगर प्रमुख श्री गुरू प्रसाद भट्टराई - सयोजक
नगर उपप्रमुख श्री हेमा न्यौपाने तिमल्सिना - सदस्य
७ न वडा अध्यक्ष श्री झविलाल पाण्डे - सदस्य
नगर शिक्षा समिति सदस्य श्री लेखनाथ चापागाई - सदस्य
सामुदायिक विद्यालयको तर्फबाट श्री चुरामणी पाण्डे - सदस्य
सस्थागत विद्यालयको तर्फबाट श्री दर्वेन्द्र देव खनाल - सदस्य
शिक्षा शाखा प्रमुख श्री हिमलाल भण्डारी - सदस्य

शिक्षा योजना निर्माण कार्यदलको मिति २०८२ चैत्र २९ गतेको निर्णय अनुसार गठित शिक्षा योजना
मस्यौदा लेखन समिति

प्रमुख प्रशासकिय अधिकृत श्री युवराज अधिकारी

नगर शिक्षा समिति सदस्य श्री लेखनाथ चापागाई

सामुदायिक विद्यालयको तर्फबाट श्री चुरामणी पाण्डे

सस्थागत विद्यालयको तर्फबाट श्री दर्वेन्द्र देव खनाल

शिक्षा शाखा प्रमुख श्री हिमलाल भण्डारी

योजनाको मुख्य संरक्षक

नगर प्रमुख

संरक्षक

नगर उपप्रमुख

प्रमुख प्रशासकिय अधिकृत

# गल्याङ नगरपालिका


पर्वत जि.
गुल्मी जि.
वालिङ नगरपालिका
कालीगण्डकी गाउँपालिका
चापाकोट नगरपालिका
५
६
७
४
८
१०
२
३
११
९
१

**गल्याङ नगरपालिका**को समग्र विकास र समृद्धिको प्रमुख आधार शिक्षा नै हो । शिक्षालाई समयसापेक्ष, प्रविधिमैत्री, व्यावहारिक र गुणस्तरीय बनाउने उद्देश्यका साथ यो "नगर शिक्षा योजना" तर्जुमा गरी जनसमक्ष ल्याउन पाउँदा मलाई अत्यन्तै हर्ष लागेको छ ।

"समृद्ध गल्याङ, सुखी गल्याङबासी" को दीर्घकालीन लक्ष्य हासिल गर्न हाम्रा बालबालिकाहरूलाई दक्ष, प्रतिस्पर्धी र नैतिकवान् नागरिकका रूपमा विकास गर्नु आजको मुख्य आवश्यकता हो । विद्यालय शिक्षाको पहुँच अभिवृद्धि गर्दै, भौतिक पूर्वाधारको सुधार, डिजिटल सिकाई प्रणालीको विकास र शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धिलाई यस योजनामा मुख्य प्राथमिकता दिइएको छ । शिक्षकहरू नै समाज रूपान्तरणका प्रमुख संवाहक हुन्, त्यसैले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार्न स्थानीय सरकार, शिक्षक, अभिभावक र सम्पूर्ण सरोकारवालाहरूको सामूहिक प्रयास अपरिहार्य छ ।

यस योजनाअन्तर्गत गल्याङ नगरपालिका भित्रका कुनै पनि बालबालिका आर्थिक अभावकै कारण शिक्षाको उज्यालो घामबाट बञ्चित हुन नपरोस् भन्ने कुरामा हामी अत्यन्तै संवेदनशील छौँ । यसै सन्दर्भमा, जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीहरूका लागि **विशेष छात्रवृत्ति कार्यक्रम** र विपन्न तथा असाहाय विद्यार्थीहरूका लागि **निःशुल्क स्टेशनरी सामग्री तथा शैक्षिक सहायता** उपलब्ध गराउने कार्यलाई हामीले प्राथमिकताका साथ अघि बढाएका छौँ । यस कदमले विद्यालय छोड्ने (Drop-out) दरलाई कम गरी समतामूलक शिक्षाको विकासमा ठूलो टेवा पुग्ने विश्वास मैले लिएको छु ।

यो योजना तर्जुमा गर्नका लागि रचनात्मक सुझाव, सल्लाह र सहयोग पुऱ्याउनुहुने जनप्रतिनिधिहरू, राजनितीक दल, राष्ट्रसेवक कर्मचारीहरू, नगर शिक्षा समिति, प्रधानाध्यापक ज्यूहरू, विद्यालय व्यवस्यापन समिति तथा सम्पूर्ण शिक्षक ज्यूहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, यस नगर शिक्षा योजनामा तय गरिएका लक्ष्य तथा कार्यक्रमहरूलाई अक्षरशः कार्यान्वयन गरी गल्याङ नगरपालिकालाई एक उत्कृष्ट शैक्षिक हबको रूपमा स्थापित गर्न सबै क्षेत्रबाट पूर्ण सहयोगको अपेक्षा गर्दै यस योजनाको पूर्ण सफलताको कामना गर्दछु ।

गुरू प्रसाद भट्टराई
नगर प्रमुख

गल्याङ नगरपालिकाको समृद्धिको आधार स्तम्भ नै शिक्षा हो। शिक्षा मानव जीवनको तेस्रो आँखा मात्र नभई सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको मुख्य संवाहक पनि हो। नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका जिम्मेवारीहरूलाई आत्मसात् गर्दै हामीले गल्याङ नगरपालिकाको समग्र शैक्षिक विकासका लागि यो 'नगर शिक्षा योजना' तयार गरी कार्यान्वयनमा ल्याउन सफल भएका छौँ। यो योजना हाम्रो नगरपालिकाको शैक्षिक इतिहासमा एक महत्वपूर्ण कोशेढुङ्गा साबित हुनेछ भन्ने मलाई दृढ विश्वास छ।

हाम्रो मुख्य लक्ष्य गल्याङभित्रका सबै बालबालिकालाई गुणस्तरीय, सान्दर्भिक, प्रविधिमैत्री र व्यावहारिक शिक्षामा समान पहुँच सुनिश्चित गर्नु हो। सामुदायिक विद्यालयहरूको भौतिक तथा प्राविधिक पूर्वाधार सुधार गर्ने, बालमैत्री सिकाई वातावरण तयार गर्ने र प्रविधिको अधिकतम प्रयोग गरी आधुनिक शिक्षण पद्धति अवलम्बन गर्ने यस योजनाको मूल मर्म रहेको छ। विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयको दायरामा ल्याउँदै गुणस्तरीय शिक्षाको माध्यमबाट उनीहरूको भविष्य सुनिश्चित गर्न स्थानीय सरकार प्रतिबद्ध छ।

वर्तमान युग सूचना प्रविधि र सीपको युग हो। त्यसैले परम्परागत शिक्षा प्रणालीलाई परिमार्जन गर्दै सीपमूलक, व्यावहारिक र रोजगारमुखी शिक्षामा जोड दिनु आजको आवश्यकता हो। हामीले यस शिक्षा योजनामार्फत शिक्षकहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्न निरन्तर तालिमको व्यवस्था गर्ने, विद्यालयहरूको नियमित अनुगमन र मूल्याङ्कन संयन्त्रलाई प्रभावकारी बनाउने र स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रमलाई प्राथमिकता दिने रणनीति तय गरेका छौँ। यसले हाम्रा बालबालिकाहरूलाई सक्षम, नैतिकवान् र प्रतिस्पर्धी नागरिक बन्न मद्दत पुग्नेछ।

शिक्षाको विकास कुनै एक पक्षको प्रयासले मात्र सम्भव हुँदैन। यसका लागि जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, अभिभावक, व्यवस्थापन समिति, बुद्धिजीवी र सम्पूर्ण नगरवासीहरूको सामूहिक प्रतिबद्धता र सहकार्य अपरिहार्य छ। विद्यालयको आन्तरिक व्यवस्थापनलाई चुस्त बनाउँदै शिक्षण सिकाइलाई नतिजामुखी बनाउन म सम्पूर्ण शिक्षक र प्रधानाध्यापकज्यूहरूलाई विशेष आग्रह गर्दछु। साथै, आफ्ना नानीबाबुहरूको शिक्षा र आचरण सुधारका लागि नियमित रूपमा विद्यालयसँग जोडिन म अभिभावकज्यूहरूलाई हार्दिक अनुरोध गर्दछु।

अन्त्यमा, यो विस्तृत 'नगर शिक्षा योजना' निर्माणको चरणमा आ-आफ्नो क्षेत्रबाट अमूल्य सुझाव, सल्लाह र श्रम लगानी गर्नुहुने शिक्षाविद्, जनप्रतिनिधिहरू,शिक्षा शाखाका कर्मचारीहरू, विद्यालय परिवार तथा सम्पूर्ण सरोकारवाला निकायहरूप्रति नगरपालिकाको तर्फबाट हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु। यस योजनामा समेटिएका लक्ष्य र परिआएका चुनौतीहरूलाई चिर्दै यसको पूर्ण र सफल कार्यान्वयनका लागि सम्पूर्ण क्षेत्रबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु।

हेमा न्यौपाने तिमिल्सीना
नगर उपप्रमुख

नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षाको पूर्ण जिम्मेवारी स्थानीय तहलाई सुम्पेको वर्तमान सन्दर्भमा, समृद्ध नगर निर्माणको मुख्य मेरुदण्ड नै गुणस्तरीय शिक्षा हो। यसै यथार्थलाई आत्मसात् गर्दै गल्याङ नगरपालिकाले आगामी दस वर्षका लागि मार्गचित्रको रूपमा यो नगर शिक्षा योजना तर्जुमा गरेको छ। शिक्षा क्षेत्रमा रहेका विद्यमान चुनौतीहरूलाई सम्बोधन गर्दै, उपलब्ध स्रोत र साधनको कुशल परिचालनमार्फत नगरको शैक्षिक स्तरलाई समयसापेक्ष र प्रतिस्पर्धी बनाउनु यस योजनाको मूल ध्येय रहेको छ ।

प्रशासनिक दृष्टिकोणबाट हेर्दा, कुनै पनि उत्कृष्ट योजनाको सफलता त्यसको अक्षरशः कार्यान्वयनमा निर्भर रहन्छ। यस योजनाले अघि सारेका रणनीतिक लक्ष्यहरू हासिल गर्न नगरपालिकाको प्रशासनिक संयन्त्र पूर्ण प्रतिबद्ध र क्रियाशील रहनेछ। विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, शिक्षण सिकाइमा आधुनिक सूचना प्रविधिको प्रयोग, र शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि जस्ता कार्यलाई हामीले प्राथमिकतामा राखेका छौँ। स्थानीय स्रोत, साधन र जनशक्तिको उच्चतम उपयोग गर्दै पारदर्शी, जबाफदेही र नतिजामुखी प्रशासनिक पद्धतिमार्फत यो योजना कार्यान्वयन गरिनेछ ।

विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि केवल नीति मात्र पर्याप्त हुँदैन, यसका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुशासन उत्तिकै आवश्यक पर्छ । हामीले गल्याङ भित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक एवं व्यवस्थापकीय पक्षलाई सुदृढ बनाउन डिजिटल अनुगमन प्रणाली र कार्यसम्पादनमा आधारित प्रोत्साहनका कार्यक्रमहरूलाई अघि बढाउनेछौँ । यसका साथै, स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्दै बालबालिकाहरूमा व्यावहारिक र जीवनोपयोगी सीपको विकास गराउनु हाम्रो प्रमुख प्रशासनिक लक्ष्य हुनेछ । अन्तमा, यो दूरगामी शिक्षा योजना निर्माण कार्यमा अमूल्य सुझाव, समन्वय र सहयोग पुऱ्याउनुहुने जननिर्वाचित प्रतिनिधिहरू, शिक्षाविद्, प्रध्यानाध्यापक, शिक्षक, नागरिक समाज तथा सम्पूर्ण सरोकारवाला निकायहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस योजनामा समेटिएका बुँदाहरूलाई व्यावहारिक रूपमा उतार्न आगामी दिनमा पनि यहाँहरूको निरन्तर रचनात्मक सहयोग, सहकार्य र प्रतिबद्धताको अपेक्षा गर्दछु ।

युवराज अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाले स्थानीय सरकारलाई विद्यालय शिक्षाको पूर्ण जिम्मेवारी सुम्पेको छ । यसै ऐतिहासिक अवसर र दायित्वलाई शिरोधार्य गर्दै गल्याङ नगरपालिकाले आगामी पाँच वर्षका लागि "नगर शिक्षा योजना" तर्जुमा गरी कार्यान्वयनमा ल्याउन लागेको घडीमा म अत्यन्त हर्षित छु । शिक्षा मानव जीवनको सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको मुख्य संवाहक हो । त्यसैले, गल्याङका बालबालिकालाई समतामूलक, प्रतिस्पर्धी र जीवनोपयोगी शिक्षा प्रदान गर्नु हाम्रो प्रमुख लक्ष्य रहेको छ ।

हाम्रो नगरभित्र भौगोलिक विविधतासँगै शैक्षिक स्तरमा पनि केही असमानता र चुनौतीहरू रहेका छन् । सार्वजनिक शिक्षाप्रतिको जनविश्वास अभिवृद्धि गर्नु, ड्रपआउट (विद्यालय छाड्ने) दरलाई शून्यमा झार्नु र संस्थागत विद्यालय सरह सामुदायिक विद्यालयको नतिजा सुधार गर्नु आजको मुख्य आवश्यकता हो । यसै वास्तविकतालाई आत्मसात् गर्दै प्रस्तुत शिक्षा योजनामा प्रारम्भिक बाल विकास (ECED) देखि माध्यमिक तहसम्मको सिकाई वातावरण सुदृढ गर्ने रणनीतिहरू तय गरिएका छन् । परम्परागत शिक्षण पद्धतिलाई विस्थापित गर्दै आधुनिक सूचना प्रविधि (ICT) को प्रयोग, डिजिटल कक्षाकोठाको विस्तार र विज्ञान प्रयोगशालाहरूको व्यवस्थापनलाई यस योजनामा विशेष प्राथमिकता दिइएको छ ।

शैक्षिक सुधार केवल पूर्वाधारको विकासले मात्र सम्भव छैन; यसका लागि शिक्षण सिकाई क्रियाकलापमा गुणात्मक परिवर्तन आउनु जरुरी छ । शिक्षकहरू शैक्षिक योजनाका मुख्य संवाहक हुन् । त्यसैले शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गर्ने नियमित तालिम, नवप्रवर्तनकारी शिक्षण विधिको प्रयोग र कार्यसम्पादनमा आधारित प्रोत्साहनका कार्यक्रमहरू यस योजनामा समेटिएका छन् । यसका साथै, स्थानीय पहिचान, संस्कृति, र कृषि सम्भावनालाई उजागर गर्ने गरी निर्माण गरिने "स्थानीय पाठ्यक्रम" ले हाम्रा बालबालिकालाई आफ्नो माटो र श्रमप्रति गर्व गर्न सिकाउनेछ भन्ने मेरो बलियो विश्वास छ ।

योजना कागजमा जतिसुकै उत्कृष्ट भए तापनि यसको वास्तविक सफलता प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमनमा निर्भर रहन्छ । शिक्षा शाखाले यस योजनामा निर्दिष्ट गरिएका कार्यक्रमहरूलाई समयबद्ध रूपमा कार्यान्वयन गर्न पारदर्शी, जवाफदेही र नतिजामुखी ढंगले काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । सामुदायिक र संस्थागत विद्यालयहरूबीचको शैक्षिक खाडल कम गर्दै "सबैका लागि गुणस्तरीय र समावेशी शिक्षा" को राष्ट्रिय संकल्पलाई गल्याङ नगरमा साकार पार्न हामी पूर्ण रूपमा कटिबद्ध छौँ।

अन्त्यमा, यो विस्तृत नगर शिक्षा योजना तर्जुमा गर्ने क्रममा निरन्तर मार्गदर्शन प्रदान गर्नुहुने आदरणीय नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरू, शिक्षा समिति, विज्ञ समूह, शिक्षक, अभिभावक, र सरोकारवाला सम्पूर्ण महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस योजनालाई सफल बनाई गल्याङ नगरपालिकालाई एक उदाहरणीय र समृद्ध शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्न यहाँहरू सबैको निरन्तर साथ, रचनात्मक सुझाव र सक्रिय सहयोगको अपेक्षा गर्दछु। धन्यवाद ।

हिमलाल भण्डारी
शिक्षा शाखा प्रमुख

# बिषय सूचि


| | |
|---|---|
| बिषय प्रवेश | १ |
| शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | २ |
| योजना निर्माण प्रक्रिया | ३ |
| परिच्छेद १ | ५ |
| परिचय | ५ |
| परिच्छेद २ | १८ |
| दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण | १८ |
| परिच्छेद ३ | ३० |
| विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र | ३० |
| ३.१ रणनीतिहरू | ३१ |
| ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य उपलब्धि | ३२ |
| ३.१.७ प्रारम्भिक वालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य | ३२ |
| ३.२ आधारभूत शिक्षा | ४० |
| ३.३ माध्यमिक शिक्षा | ४७ |
| ३.३.१ परिचय | ४७ |
| ३.३.२ उद्देश्य | ४८ |
| ३.३.३ रणनीतिहरू | ४८ |
| ३.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ४९ |
| ३.४ अनौपचारीक तथा आजिवन सिकाइ | ५४ |
| परिच्छेद ४ अन्तरसम्बन्धित विषय क्षेत्रहरू | ६० |
| ४.१ पाठयक्रम र मूल्याङकन | ६० |
| ४.१.१ परिचय | ६० |
| ४.१.२ वर्तमान अवस्था | ६० |
| ४.१.३ उद्देश्य | ६२ |
| ४.१.४ रणनीतिहरू | ६२ |
| ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ६३ |
| ४.२ शिक्षक व्यवस्थापन र विकास | ६६ |
| ४.२.१ परिचय | ६६ |
| ४.२.२ वर्तमान अवस्था | ६७ |
| ४.२.३ उद्देश्य | ६८ |
| ४.२.४ रणनीतिहरू | ६९ |
| ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ७० |

४.३ समता र समावेशीकरण ७३
४.३.१ परिचय ७४
४.३.२ वर्तमान अवस्था ७४
४.३.३ उद्देश्य ७५
४.३.४ रणनीतिहरू ७५
४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ७६
४.४ विद्यालय दिवा खाजा, स्वास्थ्य पोषण र सरसफाई कार्यक्रम ७७
४.५ शिक्षामा सूचना प्रविधि ८१
४.५.१ परिचय ८२
४.५.२ वर्तमान अवस्था ८२
४.५.३ उद्देश्य ८३
४.५.४ रणनीतिहरू ८३
४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ८४
४.६ आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा ८६
४.७ विद्यालय भौतिक पूर्वाधार विकास ९०
परिच्छेद ५ विद्यालय सुशासन तथा व्यवस्थापन ९३
५.१ संस्थागत क्षमता विकास ९३
५.१.१ परिचय ९३
५.१.२ वर्तमान अवस्था ९५
५.१.३ उद्देश्य ९६
५.१.४ रणनीतिहरू ९६
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ९६
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ९८
५.३ अनुगमन तथा मूल्याङकन १००
परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन १०४
६.१ परिचय १०४
६.२ वर्तमान अवस्था १०५
६.३ उद्देश्य १०५
६.४ रणनीतिहरू १०५
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य १०५
६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलाप र बजेट १०७
परिच्छेद ७ कार्यान्वयन, अनुगमन तथा मूल्याङकन, समन्वय र सहजिकरण ११०
अनुसूचीहरू ११५

## योजनाको सारांश

नगर शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ।

योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ। यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा गैर—औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन—मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ। स्थानीय स्रोत परिचालन, अन्तर—तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक—निजी साझेदारीलाई जोड दिइएको छ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो। योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

### १. विषय प्रवेशः

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो। यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा

व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ। साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG–4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुर्‍याउँछ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ। यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ। यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

**२) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः**

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना

तयार गर्नु आवश्यक हुन्छ। यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुर्‍याउँछ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण—सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ। साथै, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG–4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ। त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो।

३) **योजना निर्माण प्रक्रियाः**

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको छ।

१) नेपालको संविधान

२) सोह्रौं आवधिक योजना

३) स्थानीय सरकार सञ्चालन ऐन २०७४

४) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

५) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

६) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

७) विद्यालय शिक्षा क्षेत्र योजना

८) राष्ट्रिय शिक्षा नीति २०७६,

९) दिगो विकास लक्ष्य

१०) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

११) स्थानीय तहको मध्यकालिन खर्च संरचना

१२) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

१३) राजनीतिक दलको घोषणापत्र

१४) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

१५) गल्याङ नगरपालिकाका सरोकारवालाहरुको सुझाव

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

१) कार्यपालिकाको बैठकको निर्णय

२) योजना निर्माण समितिको गठन

३) योजना निर्माण कार्यदल गठन

४) सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णय

५) प्रथम मस्यौदा तयारी

६) योजनाको अन्तिम रुप

७) योजनाको मूल्यांकन

८) योजनाको स्विकृति र कार्यान्वयनको अवस्था

## ४) योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा समता तथा समावेशीकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यन्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ ।

# परिच्छेद १
# परिचय

## १) भौगोलिक अवस्थिति

यस स्थानीय तह नेपालको गण्डकी प्रदेश अन्तर्गत अवस्थित रहेको छ। यसको भौगोलिक अवस्थिति अक्षांश २७°५५' देखि २८° डिग्री उत्तर अक्षांश र ८३° ३०' देखि ८३° ४५' पूर्व देशान्तरको बीचमा पर्दछ। स्थानीय तहको कुल क्षेत्रफल करिब १२२.६९ वर्ग किलोमिटर रहेको छ। यसको सिमानामा पूर्वतर्फ चापाकोट र वालिङ नगरपालिका, पश्चिमतर्फ कालिगण्डकी गाऊँपालिका, उत्तरतर्फ पर्वत जिल्ला र दक्षिणतर्फ पाल्पा जिल्ला रहेको छ। यस स्थानीय तहको नामाकरण ऐतिहासिक, सांस्कृतिक तथा

भौगोलिक विशेषताका आधारमा गरिएको मानिन्छ, जसले स्थानीय पहिचान र गौरवलाई प्रतिबिम्बित गर्दछ।

हावापानीको दृष्टिले गल्याङ नगरपालिका मुख्यतयाः उपोष्ण प्रकारको छ । जहाँ गर्मीमा तातो र हिउँदमा नरम मौसम हुन्छ। कालिगण्डकी नदी किनारका क्षेत्रमा गर्मीमा केही बढी गर्मी हुन्छ भने ऊच्च स्थान शितल हावापानी पाइन्छ । जाडो याममा तापक्रम घट्ने भए पनि अत्यधिक चिसो कमै देखिन्छ। यस प्रकारको हावापानी कृषि, वन तथा जैविक विविधताको दृष्टिले अनुकूल मानिन्छ।

पर्यटकीय सम्भावनाको हिसाबले यहाँ प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक स्थलहरू रहेका छन्। नदी, ताल, वनजंगल, ऐतिहासिक मन्दिर, क्होइवो जस्ता सांस्कृतिक धरोहरहरूले आन्तरिक पर्यटन प्रवर्द्धनको राम्रो सम्भावना देखाउँछन्। यद्यपि पूर्वाधार, प्रचार—प्रसार र व्यवस्थापनको कमीका कारण यी सम्भावनाहरू पूर्ण रूपमा उपयोग हुन सकेका छैनन्।

स्थानीय तहमा पाइने जैविक विविधतामा विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरू पर्दछन्। वन क्षेत्रले वातावरणीय सन्तुलन कायम राख्न, जलाधार संरक्षण गर्न र स्थानीय जीविकोपार्जनमा योगदान पुर्‍याएको छ। जलवायु परिवर्तनका असरले जैविक विविधतामा चुनौती सिर्जना गरिरहेको छ।

प्राकृतिक प्रकोप तथा जोखिमको दृष्टिले यस स्थानीय तह बाढी, पहिरो, डुबान, आगलागी, खडेरी तथा भूकम्प जस्ता जोखिमहरूसँग आंशिक रूपमा संवेदनशील रहेको छ। विशेष गरी वर्षायाममा नदी तथा खोलानालाबाट बाढी र पहिरोको जोखिम बढ्ने गर्दछ। जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतना, सुरक्षित पूर्वाधार विकास तथा स्थानीय तहको आपतकालीन व्यवस्थापन क्षमता सुदृढीकरण आवश्यक देखिन्छ।

समग्रमा, यस स्थानीय तहमा प्रशस्त प्राकृतिक, जैविक तथा पर्यटकीय सम्भावना रहे तापनि दिगो व्यवस्थापन, जोखिम न्यूनीकरण र योजनाबद्ध विकासमार्फत मात्र यी स्रोतहरूको समुचित उपयोग सम्भव छ।

## २) जनसाङ्ख्यिक संरचना

यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले विविधता, गतिशीलता र विकासका चुनौती तथा सम्भावनालाई एकैसाथ प्रतिबिम्बित गर्दछ। जनसङ्ख्याको बनावट हेर्दा महिला र पुरुषको अनुपात करिब सन्तुलित रहेको पाइन्छ, यद्यपि कार्यशील उमेर समूहमा पुरुषको बाह्य बसाइसराइँका कारण महिला जनसङ्ख्याको अनुपात तुलनात्मक रूपमा बढी देखिने अवस्था पनि रहेको छ। बालबालिका,

किशोर–किशोरी, कार्यशील उमेर (१५–५९ वर्ष) तथा ज्येष्ठ नागरिकको जनसङ्ख्या वितरणले भविष्यको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा आवश्यकतालाई संकेत गर्दछ।

यस स्थानीय तहमा अल्पसङ्ख्यक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको उल्लेखनीय उपस्थिति रहेको छ। यी समूहहरू सामाजिक, आर्थिक तथा शैक्षिक पहुँचका दृष्टिले अझै पनि जोखिममा रहेको अवस्था देखिन्छ, जसले लक्षित तथा समावेशी नीतिको आवश्यकता औंल्याउँछ।

जनसङ्ख्याको वृद्धिदर मध्यम स्तरको रहेको अनुमान गरिन्छ। जन्मदर, मृत्युदर, स्वास्थ्य सेवामा पहुँच तथा बसाइसराइँका प्रवृत्तिले यस वृद्धिदरलाई प्रभावित गरेको छ। यदि हालको प्रवृत्ति निरन्तर रहेमा आगामी वर्षहरूमा कार्यशील उमेर समूहको हिस्सा क्रमशः घट्ने र ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्ने सम्भावना देखिन्छ।

बसाइसराइँको दृष्टिले यो स्थानीय तह श्रम–आधारित बाह्य तथा आन्तरिक बसाइसराइँबाट प्रभावित छ। रोजगारी, शिक्षा र सेवा सुविधाको खोजीमा युवा वर्गको बाहिरिने प्रवृत्तिले स्थानीय उत्पादनशीलता र विद्यालय उमेर समूहको संख्यामा असर पारेको छ। जनसङ्ख्याको समग्र प्रक्षेपणले दीर्घकालमा शिक्षा, सीप विकास, रोजगारी सिर्जना र सामाजिक संरक्षण कार्यक्रमलाई जनसाङ्ख्यिक यथार्थसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट पार्दछ।

समग्रमा, यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले समावेशी विकास, लक्षित शिक्षा तथा मानव संसाधन विकास रणनीतिका लागि बलियो आधार प्रदान गर्दछ।

### ३) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषणः

यस स्थानीय तह सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ। यहाँ विभिन्न जातजाति र समुदायहरूको बसोबास रहेको छ, जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ। हिन्दु, बौद्ध, मुस्लिम, क्रिश्चियन तथा अन्य धर्मावलम्बीहरूको उपस्थिति रहेको यो क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था–प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भएका छन्।

स्थानीय तहमा प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्य मान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन्। यस्ता सांस्कृतिक सम्पदाले सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेका

छन्। आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन्।

भाषिक दृष्टिले यस स्थानीय तह बहुभाषिक प्रकृतिको छ। नेपाली भाषासँगै विभिन्न मातृभाषाहरू प्रयोगमा छन्, जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्त्व राख्दछन्। मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ।

यस स्थानीय तहमा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सीप र प्रविधि कृषि, पशुपालन, जडीबुटी, घरेलु उद्योग, वास्तुकला, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन्। यस्ता ज्ञान र सीपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दिगो विकासमा योगदान पुर्‍याउँदै आएका छन्। पर्याप्त अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान—सीपहरूको निरन्तरता चुनौतीमा परेको देखिन्छ।

समग्रमा, सामाजिक—सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान यस स्थानीय तहका अमूल्य सम्पदा हुन्। तिनको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ।

### ४) आर्थिक अवस्थाको विश्लेषणः

यस स्थानीय तहको आर्थिक संरचना मुख्यतः कृषि, सेवा तथा उद्यमशीलतामा आधारित रहेको छ। परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ, जसअन्तर्गत अन्नबाली, तरकारी, फलफूल, पशुपालन तथा साना स्तरका कृषि—आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन्। सुन्तला खेतीको आधुनिकीकरणले सिरौंसा र स्यालबास क्षेत्रको र दिमिक जिमुहा क्षेत्रमा आलुको ऊत्पादनले आर्थिक विकासमा ठूलो सहयोग पुर्‍याएको छ । सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य श्रृंखलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षाअनुसार वृद्धि हुन सकेको छैन।

उद्योग तथा व्यापारको क्षेत्रमा घरेलु तथा साना उद्योगहरू‘जस्तै खाद्य प्रशोधन, हस्तकला, निर्माण सामग्री, सिलाइ—कटाइ तथा कृषि—आधारित उद्योग‘आर्थिक क्रियाकलापका महत्वपूर्ण आधार बनेका छन्। स्थानीय बजार, साना व्यापारिक प्रतिष्ठान र सेवा व्यवसायले रोजगारी सिर्जना गरिरहेको भए पनि पूँजी, सीप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ।

पर्यटन सम्भावनाको दृष्टिले यस स्थानीय तहमा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन्। होमस्टे, धार्मिक यात्रा, स्थानीय संस्कृति र प्राकृतिक

सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुर्‍याउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त छन्।

रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ। रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुर्‍याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ।

समग्रमा, यस स्थानीय तहको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यम प्रवर्द्धन, पर्यटन विकास र सीपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ।

## ५) शैक्षिक अवस्थाको विश्लेषणः

| उपक्षेत्र | अवस्थाको विश्लेषण |
|---|---|
| **प्रारम्भिक बालविकास तथा शिक्षा** | **प्रारम्भिक बालविकास तथा शिक्षा** बालबालिकाको समग्र विकासको आधार हो। यस स्थानीय तहमा सामुदायिक तर्फ प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ६२ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ५५६ रहेको छ। संस्थागत तर्फ प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ७ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ५३२ रहेको छ । केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ।<br>लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ। अपाङ्गता—मैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन्। |

| | |
|---|---|
| | सामुदायिक तर्फ प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या ७४ रहेको छ। अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ। सामुदायिक विद्यालय तर्फ वालविकास सहजकर्ता र बालबालिका अनुपात १:७ रहेको छ, जुन केही केन्द्रमा मापदण्डअनुकूल छैन।<br>पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन्।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसोको जोखिममा रहेका छन्, जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुर्‍याएको छ। सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा सुधार आवश्यक छ। लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ। |
| **आधारभूत शिक्षा** | आधारभूत शिक्षा (कक्षा १–८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो। यस स्थानीय तहमा सामुदायिक तर्फ आधारभूत तहका विद्यालयहरूको सङ्ख्या ४६ रहेको छ भने अध्ययनरत विद्यार्थीको सङ्ख्या २४४१ रहेको छ। संस्थागत तर्फ आधारभूत तहका विद्यालयहरूको सङ्ख्या ७ रहेको छ भने अध्ययनरत विद्यार्थीको सङ्ख्या १५४७ रहेको छ । भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ। |

| | |
|---|---|
| | लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था पाइन्छ। अपाङ्गता–मैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन्।<br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या २ जना रहेको छ। विद्यालयहरूको भौगोलिक वितरण केही क्षेत्रमा पहुँचमैत्री र केही क्षेत्रमा दुर्गम देखिन्छ। सामुदायिक तर्फ विद्यार्थी–शिक्षक अनुपात औसत १:९ रहेको छ ।<br>आधारभूत तहमा उचित तालिम, सामग्री र व्यवस्थापनको अभावले यसको प्रभावकारिता सीमित भए पनि व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत–प्रभावकारिता सुधार गर्ने सम्भावना देखिन्छ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधिमा आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पारेको छ। सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र वातावरणीय शिक्षाको आवश्यकता देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु अनुकूल विद्यालय विकासमा अझै सुधार आवश्यक देखिन्छ। लक्षित |

| | |
|---|---|
| | समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ। |
| **माध्यमिक शिक्षा** | माध्यमिक शिक्षा (कक्षा ९—१२) विद्यार्थीहरूको जीवनोपयोगी सीप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो। यस स्थानीय तहमा माध्यमिक विद्यालयहरूको सङ्ख्या सामुदायिक तर्फ १ गुरुकुल सहित १७ रहेको छ भने ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या १०६३ रहेको छ। संस्थागत तर्फ माध्यमिक विद्यालय संख्या ४ रहेको छ भने ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ३४६ रहेको छ। भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।<br>लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालक र बालिकाको सहभागिता ५१.२५% र ४८.७५% रहेको छ। अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औंल्याउँछ।<br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या केही रहेको अनुमान छ। शिक्षक—विद्यार्थी अनुपात औसत १:१४ रहेको छ। विषयगत दक्ष शिक्षक विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर पुर्‍याएको छ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ। सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा ICT सामग्रीको पहुँच न्यून छ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक |

| | |
|---|---|
| | नियमितता र पूर्वाधारमा असर पुर्‍याएको छ। सुरक्षित पूर्वाधार, वातावरणीय शिक्षा र विपद् तयारी कार्यक्रम आवश्यक देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र ICT प्रविधि विस्तारमा सुधार आवश्यक छ। लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ। |
| **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सीप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्वपूर्ण माध्यमको रूपमा काम गर्दछ। यस स्थानीय तहमा विभिन्न अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । गल्याङ नगरपालिकामा ३ ओटा सामुदायिक सिकाई केन्द्र सञ्चालनमा रहेका छन । जसमा साक्षरता अभियान, बालबालिका र युवा लक्षित कार्यक्रम, अभिभावक शिक्षा, सीप विकास तालिम लगायतका पहलहरू समावेश छन्।<br>वैकल्पिक शिक्षा कार्यक्रम, जस्तै पुनःभर्ना, विद्यालय बाहिरका बालबालिका र किशोर–किशोरीका लागि सञ्चालन गरिएका कार्यक्रमहरू, सामाजिक र आर्थिक पृष्ठभूमि अनुसार लक्षित गरी कार्यान्वयन भइरहेका छन्। यसले बालबालिका, युवा र महिला समावेशीकरणमा सकारात्मक योगदान पुर्‍याएको छ। समूहगत सहभागिता, नियमितता र गुणस्तरमा अझै सुधारको आवश्यकता देखिन्छ।<br>आयआर्जन तथा व्यावसायिक सीपसँग जोडिएका तालिम कार्यक्रमले समुदायका सदस्यलाई आत्मनिर्भर र रोजगारीसक्षम बनाउने उद्देश्य राख्दछन्। यस स्थानीय तहमा सञ्चालन भएका कृषि, हस्तकला, सिलाइ–कटाइ, प्रविधि र स्थानीय उत्पादन आधारित तालिममा सहभागीको सङ्ख्या उल्लेख्य छ। यस्ता तालिमहरूले दिगो आयआर्जनको सम्भावना |

| | |
|---|---|
| | बढाउने भए तापनि तालिमपछि रोजगारी र बजार पहुँचमा चुनौतीहरू देखिन्छन्। <br>सामुदायिक पुस्तकालय, सिकाइ केन्द्र र डिजिटल स्रोतहरूको पहुँचमा अझै असमानता छ। धेरै स्थानमा पुस्तकालय सञ्चालन भए तापनि बालबालिका, युवा र महिला समुदायले त्यसको पूर्ण उपयोग गर्न सकेका छैनन्। पुस्तकालय, सीप परीक्षण, प्रशिक्षण र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ। <br>समग्रमा, यस स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सीप विकास र समुदाय सहभागितामा उल्लेखनीय योगदान पुर्‍याएका छन्। तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सीपको व्यावसायिक उपयोग र स्थानीय पुस्तकालय तथा ज्ञान स्रोतको सशक्तिकरणलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ। यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुर्‍याउनेछ। |

यस स्थानीय तहमा शिक्षा पहुँच विस्तार भएको देखिन्छ। प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म विद्यार्थीहरूको भर्ना र सहभागिता वृद्धि भएको छ। प्रारम्भिक बालविकास र आधारभूत तहमा लैङ्गिक समानता अपेक्षाकृत सन्तुलित देखिन्छ भने माध्यमिक तहमा बालिकाको निरन्तरतामा केही कमी छ। अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको पहुँच र सिकाइ उपलब्धि अझै चुनौतीपूर्ण छ, जसले लक्षित समावेशी कार्यक्रमको आवश्यकता औंल्याउँछ।

शिक्षक क्षमता र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ। विशेष गरी विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक–विद्यार्थी अनुपातको असमानता, बहुकक्षा/बहुस्तरको अभ्यास प्रारम्भिक र आधारभूत तहमा मात्र सीमित रहेको अवस्था, सिकाइ गुणस्तरमा प्रत्यक्ष असर पुर्‍याउँछ।

पूर्वाधार, सिकाइ सामग्री र ICT पहुँच असमान रहेको छ। सुरक्षित, बालमैत्री र अपाङ्गता–मैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको अभावले गुणस्तरीय शिक्षण सिकाइमा चुनौती सिर्जना गरेको छ। जलवायु तथा वातावरणीय जोखिम, जस्तै बाढी, पहिरो, अत्यधिक गर्मी वा चिसो, विद्यालय र बालविकास केन्द्रको नियमितता तथा पूर्वाधारमा प्रभावकारी असर पुर्‍याएको छ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सीप विकास र जीवनोपयोगी सीप प्रदान गर्ने महत्वपूर्ण भूमिका खेल्दै आएको छ। तथापि निरक्षरता न्यूनीकरण, गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सीपको प्रयोग, तथा सामुदायिक पुस्तकालय र ज्ञान स्रोतहरूको उपयोगमा अझ सुधार आवश्यक देखिन्छ।

समग्रमा, यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशिता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, ICT पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन्। यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ। यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना छ।

## ६. सबल पक्षहरु

यस स्थानीय तहले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू लागू गर्दै आएको छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री र अपाङ्गतामैत्री कक्षाकोठा निर्माण गरिएको छ। प्रारम्भिक तहमा खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र अभिभावक सहभागिता कार्यक्रम सञ्चालन गरिएका छन् जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुर्‍याएका छन्। आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालक र बालिकाको सहभागिता सन्तुलन कायम गरिएको छ। दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहको सहभागिता बढाउन लक्षित कार्यक्रम सञ्चालन भएका छन्। शिक्षक व्यवस्थापनमा सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिएका छन्। शिक्षक–विद्यार्थी

अनुपात सुधार गर्ने, तालिम र क्षमता अभिवृद्धि मार्फत सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू सफल देखिएका छन्।

पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र ICT उपकरण उपलब्ध गराइएका छन्। विद्यालय भवनमा हरित र वातावरणीय सचेत पूर्वाधार लागू गरेर जलवायु जोखिम न्यूनीकरणमा कदम चालिएको छ। साथै, अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रम मार्फत महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता र व्यावसायिक सीप विकासमा योगदान पुर्‍याइएको छ। आयआर्जन, कृषि, हस्तकला र स्थानीय उत्पादनका तालिमहरूले समुदायमा आत्मनिर्भरता वृद्धि गरेका छन्।

स्थानीय तहले विद्यालय व्यवस्थापन समिति र अभिभावक/समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सुधार गरेको छ। विद्यालय र समुदायबीच सहकार्य बढाएर सिकाइ गुणस्तर सुधार, समावेशी शिक्षा विस्तार र बालबालिकाको नियमित उपस्थिति सुनिश्चित गरिएको छ। यसरी लागू गरिएका असल अभ्यासहरूले स्थानीय तहमा समावेशी, गुणस्तरीय, बालमैत्री र दिगो शिक्षा प्रणाली विकासमा महत्वपूर्ण योगदान पुर्‍याएका छन । उल्लेखीत गतिविधिलाई अन्य स्थानीय तहका लागि नमुना रूपमा प्रस्तुत गर्न सकिन्छ।

### ७. शिक्षा क्षेत्रका समस्याहरू

१) विद्यालय शिक्षामा सबै बालबालिकालाई समान **पहुँच, सहभागिता र गुणस्तर** सुनिश्चित गर्न नसक्नु।

२) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु।

३) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई **समावेशी सिकाइ वातावरण** उपलब्ध गराउन नसक्नु।

४) पाठ्यक्रमले तोकेको **सिकाइ उपलब्धि** प्रभावकारी रूपमा हासिल गर्न नसक्नु।

५) बालमैत्री विद्यालय निर्माण गरी **सिकाइ वातावरण सुधार** गर्न नसक्नु।

६) स्थानीय पाठ्यक्रम **प्रभावकारी कार्यान्वयन** गर्न नसक्नु।

७) विषयगत तथा कक्षागत शिक्षकको **दरबन्दी पर्याप्त नहुनु**।

८) **सूचना तथा सञ्चार प्रविधि (ICT)** प्रभावकारी प्रयोग गर्न नसक्नु।

९) **साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर** पर्याप्त उपलब्ध गराउन नसक्नु।

१०) **वैकल्पिक सिकाइ कार्यक्रम** प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु।

११)   विद्यालय र बालविकास केन्द्रको **भौतिक पूर्वाधार विकास** पर्याप्त नहुनु।

१२)   विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा **जलवायु-उत्थानशीलता सुनिश्चित गर्न नसक्नु**।

१३)   नैतिकवान र सक्षम नागरिक उत्पादन हुन नसक्नु ।

१४)   विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन तथा भौगोलिक विकटता भएका स्थानका बालबालिकालाई आवासीय सुविधा साथै यातायातको प्रबन्ध गर्न नसक्नु ।

## ८. अवसरहरू

१) संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु

२) शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,

३) स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु

४) तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु

५) सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु

६) स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु

७) स्थानीय तहमा भएको रैथाने ज्ञान, सीप र प्रविधिलाई आन्तरिकीकरण गर्नु

८) वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिन सकिन्छ

## ९. चुनौतीहरू

१) लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन

२) जनसाङ्खिकीय प्रवृत्ति (विशेषतः जन्म र बसाँई सराई), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन

३) स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न कठिन

४) विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न कठिन

५) दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्याकंन प्रणालीमा सुधार र शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न कठिन

६) विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न आपतकालीन स्रोतसाधनको कमी

७) जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न कठिन,

८) सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलनमा चुनौती,

९) जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सिमित जनशक्ति र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न कठिन

## परिच्छेद २ :
## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ दूरदृष्टिः

**"गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षा, गल्याङ नगरपालिकाको प्रतिबद्धता**

### २.२ लक्ष्यः

- समावेशी पहुँचसहित गुणस्तरीय, सीपमूलक, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय–अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिकवान र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने

### २.३ उदेश्य

१) सबै बालबालिकालाई समान पहुँच, सहभागिता, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित **गर्नु**।

२) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध **गराऊनु**।

३) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार **गर्नु**।

४) स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन **गर्नु**।

५) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध **गराऊनु**।

६) वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन **गर्नु**।

७) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित **गर्नु**।

## २.४ रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| सबै बालबालिकालाई समान पहुँच, सहभागिता, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित **गर्नु**। | १) बालबालिकाको भर्ना र नियमित उपस्थितिको अनुगमन गर्ने। |
| | २) विद्यालय पहुँच नपुग्ने क्षेत्रका बालबालिका लक्षित कार्यक्रम सञ्चालन गर्ने। |
| | ३) अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने। |
| | ४) विद्यालयमा स्कूल बस वा यातायात सुविधा उपलब्ध गराउने । |
| | ५) बालबालिकाको नियमित उपस्थितिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| | ६) विपन्न, सीमान्तकृत, दलित, आदिवासी र अपाङ्गता भएका बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्ने |
| अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध **गर्नु**। | १) अपाङ्गता भएका बालिकाका लागि भर्ना र समर्थन कार्यक्रम लागू गर्ने। |
| | २) शिक्षक र समुदायलाई लैङ्गिक समावेशी तालिम प्रदान गर्ने। |
| | ३) विद्यालय स्तरमा समावेशी नीति र अनुगमन प्रक्रिया विकास गर्ने। |
| | ४) लैङ्गिक र सामाजिक समावेशी शिक्षा लक्षित कार्यक्रम सञ्चालन गर्ने। |

| | |
|---|---|
| | १) बालमैत्री र अपाङ्गता—मैत्री पूर्वाधार निर्माण गर्ने। |
| | २) सहायक सिकाइ सामग्री उपलब्ध गराउने । |
| | ३) शिक्षकलाई समावेशी शिक्षण तालिम प्रदान गर्ने। |
| पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार **गर्नु**। | ४) लक्षित समूहका बालबालिकाको नियमित उपस्थितिको अनुगमन गर्ने। |
| | ५.शिक्षकहरुलाई क्षमता विकास तालिमहरू सञ्चालन गर्ने। |
| | ६. विषयगत तथा कक्षागत शिक्षकको प्रयाप्त दरबन्दी सुनिश्चित गर्ने । |
| | ७. कक्षाकोठामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गरि सिकाई ऊपलब्धी हासिल गर्न शिक्षकको क्षमता विकास गर्ने । |
| | ८. खेलकुद, पुस्तकालय, प्रयोगशाला, विद्यालय परिसर सफाइ, स्वच्छ खानेपानी, विद्यालय हरित कार्यक्रम सञ्चालन गर्ने । |
| स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन **गर्नु**। | १. स्थानीय सन्दर्भअनुकूल सिकाइ सामग्री उपलब्ध गर्ने। |
| | २. शिक्षकलाई स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि तालिम प्रदान गर्ने। |
| | ३. पाठ्यक्रम कार्यान्वयनको अनुगमन गर्ने। |
| | ४. विद्यार्थी सन्दर्भअनुकूल मूल्याङ्कन प्रणाली लागू गर्ने। |
| साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु | १. समुदायमा साक्षरता, जीवनपर्यन्त शिक्षा र अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि सामुदायिक सिकाई केन्द्रहरूलाई परिचालन गर्ने। |
| | २. महिला, युवा र लक्षित समूहका लागि अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने। |
| | ३. कार्यक्रमको अनुगमन र गुणस्तर सुधार गर्ने। |
| | ४. स्थानीय पुस्तकालय र ज्ञान केन्द्रको प्रयोग विस्तार गर्ने। |
| | ५. जीवनपर्यन्त शिक्षा सम्बन्धी सामग्री र स्रोत उपलब्ध गर्ने। |
| | १. स्कूल बाहिरका बालबालिका र किशोर—किशोरीका लागि कार्यक्रम सञ्चालन गर्ने। |

| | |
|---|---|
| वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | २. समुदाय र स्थानीय संस्थासँग सहकार्य गरेर वैकल्पिक शिक्षा विस्तार गर्ने। |
| | ३. वैकल्पिक शिक्षाको गुणस्तर अनुगमन र सुधार गर्ने। |
| | ४. स्थानीय सन्दर्भअनुकूल वैकल्पिक सामग्री विकास गर्ने। |
| | ५. शिक्षक र प्रशिक्षकको क्षमता अभिवृद्धि गर्ने। |
| विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु- उत्थानशीलता सुनिश्चित गर्ने | १. कक्षाकोठा, शौचालय, खानेपानी, खेलकुद र पुस्तकालय निर्माण गर्ने। |
| | २. विद्यालय पूर्वाधार जलवायु जोखिम प्रतिरोधी ढाँचामा निर्माण गर्ने। |
| | ३. पूर्वाधारको नियमित मर्मत—सम्भार सुनिश्चित गर्ने। |
| | ४. स्थानीय समुदाय र संघ/संस्थासँग सहकार्य गर्ने। |
| | ५. बालबालिकाको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै पूर्वाधार सुधार गर्ने। |
| | ६. जलवायु अनुकूल हरित कार्यक्रम सञ्चालन गर्ने। |
| | ७. विद्यालय स्तरमा जलवायु सचेतना र आपतकालीन तयारी कार्यक्रम सञ्चालन गर्ने। |

## २.६ अपेक्षित उपलब्धिः

१) सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ ।

२) विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चितता हुनेछ ।

३) अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध **हुनेछ** ।

४) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल भएको हुनेछ।

५) बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार भएको हुनेछ।

६) स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन **हुनेछ** ।

७) विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित **भएको हुनेछ** ।

८) सूचना तथा सञ्चार प्रविधि (ICT) र AI को प्रभावकारी प्रयोग भएको हुनेछ ।

९) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरु उपलब्ध **भएका हुनेछन** ।

१०)वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन **हुनेछ** ।

११)विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित भएको हुनेछ ।

१२)नैतिक तथा योग शिक्षाको माध्यमबाट नैतिकवान विद्यार्थी उत्पादन भएको हुनेछ।

१३)विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन तथा आवासीय विद्यालय सञ्चालन गरिएको हुनेछ।

१४)आधारभूत विद्यालय शिक्षा सुधार परियोजना मार्फत गणित बिषयको र नेपाली पठन सिप विकास कार्यक्रम मार्फत नेपाली बिषयको सिकाईमा सुधार हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

### मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | कार्यसम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ११२.०७ | ११० | १०८ | १०६ | |
| | | प्रदेश | १२८.८ | - | - | - | |
| | | राष्ट्रिय | १२१.०४ | - | - | - | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका | स्थानीय | ८० | ८२ | ८४ | ८५ | |
| | | प्रदेश | ७०.२ | | | | |
| | | राष्ट्रिय | ७०.२ | | | | फ्ल्यास रिपोर्ट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बालबालिका ⁎ (%) | | | | | | |
| २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९२.६९ | ९३ | ९३.२ | ९३.५ | ९४ |
| | | प्रदेश | ९१.८० | | | | |
| | | राष्ट्रिय | ८७.७३ | | | | **फ्ल्यास रिपोर्ट** |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १३९.०४ | १३५ | १३० | १२५ | १२० |
| | | प्रदेश | १४४.९३ | | | | |
| | | राष्ट्रिय | १७१.९५ | | | | **फ्ल्यास रिपोर्ट** |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर⁎ (%) | स्थानीय | ९१.३९ | ९२ | ९२.५ | ९३ | ९५ |
| | | प्रदेश | ९५.४५ | | | | |
| | | राष्ट्रिय | ९७.९५ | | | | **फ्ल्यास रिपोर्ट**<br>**दि.वि.ल. (रा.समीक्षा)** |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) | स्थानीय | ११०.६ | १०९ | १०७ | १०५ | १०४ |
| | | प्रदेश | १२०.१९ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मा कूल भर्ना दर* (%) | राष्ट्रिय | १३३.८२ | | | | फ्ल्यास रिपोर्ट |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९८.५४ | ९९ | १०० | १०० | १०० |
| | | प्रदेश | ८९.४५ | | | | |
| | | राष्ट्रिय | ८६.३७ | | | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ९२.५५ | ९४ | ९५ | ९६ | ९८ |
| | | प्रदेश | ९३.०२ | | | | |
| | | राष्ट्रिय | ९०.२७ | | | | फ्ल्यास रिपोर्ट |
| | | | | | | | |
| | | | | | | | |
| २.७ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ | ०.९६ |
| | | प्रदेश | ०.८६ | | | | |
| | | राष्ट्रिय | ०.८९ | | | | |
| २.८ | आधारभूत तह (कक्षा | स्थानीय | ९०.६८ | ९१ | ९२ | ९३ | ९४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १-८) मा खुद भर्ना दर* (%) | प्रदेश | ९६.१५ | | | | |
| | | राष्ट्रिय | **९७.७७** | | | | |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११३.८८ | ११२ | ११0 | १०८ | १०७ |
| | | प्रदेश | १२६.१७ | | | | |
| | | राष्ट्रिय | **१३६.१९** | | | | |
| २.१० | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ९७.४३ | ९८ | ९९ | ९९ | १०० |
| | | प्रदेश | ८४.४२ | | | | |
| | | राष्ट्रिय | **७९.७६** | | | | **फ्ल्यास रिपोर्ट** |
| २.११ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ९५.५२ | ९६ | ९७ | ९८ | १०० |
| | | प्रदेश | ९०.५१ | | | | |
| | | राष्ट्रिय | ८८.२४ | | | | |
| | | | | | | | |
| २.१२ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.९३ | **०.९४** | **0.९५** | **0.९६** | 0.९७ |
| | | प्रदेश | ०.८७ | | | | |
| | | राष्ट्रिय | **०.९०** | | | | **फ्ल्यास रिपोर्टवि.क्षे.वि.यो.** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका ५-१३ बर्ष उमेर समूहका | | स्थानीय | ४ | ० | ० | ० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | 2.9 | १. | दि.वि.ल. ४ (ने.रा.का.) |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ५१ | ५१ | ५२ | ५३ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ५७.८४ | ५९ | ६१ | ६३ |
| | | | प्रदेश | ५९.०३ | | | |
| | | | राष्ट्रिय | ५१.२८ | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | ७८.१६ | ७९ | ८० | ८१ |
| | | | प्रदेश | ८०.३७ | | | |
| | | | राष्ट्रिय | ७५.९१ | | | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. (रा.समीक्षा) |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा | | स्थानीय | ०.९६ | ०.९६ | ०.९७ | ०.९७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | प्रदेश | ०.९५ | | | |
| | | राष्ट्रिय | ०.९६ | | | पन्ध्रौं योजना<br>वि.क्षे.वि.यो.<br>दि.वि.ल. (रा.समीक्षा) |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | १९.४८ | २२ | २५ | ३० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २०.६ | २२. | २७. | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. ४ (ने.रा.का.) |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७९ | ८५ | ९० | ९२ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ५८. | | ९५. | पन्ध्रौं योजना |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ८३.४२ | ८६ | ८८ | ९० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ८२. | ८९. | ९५. | दि.वि.ल. ४ (ने.रा.का.) |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९७ | ९८ | ९९ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९२. | | ९९. | पन्ध्रौं योजना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.८६ | ०.८७ | ०.८८ | ०.९९ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | **०.६५** | | | **दि.वि.ल. (रा.समीक्षा)** |
| | **६. सुशासन तथा व्यवस्थापन** | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १;७ | १;८ | १;९ | १;१० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४:०१:०० | | ३०:०१:०० | **फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना** |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १;११ | १;११ | १;१२ | १;१३ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | ३०:०१:०० | **फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना** |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १;८ | १;९ | १;१० | **१;११** |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | **पन्ध्रौं योजना** |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १;१२ | १;१२ | १;१३ | **१;१४** |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४०:०१:०० | | ३०:०१:०० | **फ्ल्यास रिपोर्टपन्ध्रौं योजना** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १;१३ | १;१४ | १;१५ | १;१६ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | **पन्ध्रौं योजना** |

तथ्याङ्कको स्रोत ; गण्डकी प्रदेशको शैक्षिक तथ्याङ्क २०८३
गल्याङ नगरपालिकाको IEMIS Report 2083

## परिच्छेद ३ :
## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को दशौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ । सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् । पालिकाबाट सञ्चालित बालविकास केन्द्रको विवरण अनुसूची–१ मा दिइएको छ ।

यस स्थानीय तहमा सामुदायिक तर्फ प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ६२ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ५५६ रहेको छ। संस्थागत तर्फ प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ७ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ५३२ रहेको छ । केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था छ।

लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ। अपाङ्गता–मैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन्।

सामुदायिक तर्फ प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या ७४ रहेको छ। अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ। सामुदायिक विद्यालय तर्फ

वालविकास सहजकर्ता र बालबालिका अनुपात १:७ रहेको छ, जुन केही केन्द्रमा मापदण्डअनुकूल छैन भने भौगोलिक विकटताले वालविकास कक्षाहरू समायोजन गर्न सकिएको छैन ।

**उदेश्यः**

१) चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,

२) प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,

**रणनीतिहरू**

१) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास शिक्षा सञ्चालन गर्ने,

२) वालविकासको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

३) विकट भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूना वालविकास केन्द्र विकास गरी पहुँच सुनिश्चित गर्ने,

४) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

५) समुदायको लागत सहभागिता अभिवृद्धि गर्ने,

६) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

७) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

८) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता अभिवृद्धि गर्ने,

९) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

१०) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने।

### ३.१.२ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

प्रमुख नतिजाः

१) प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,

२) प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ,

३) सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने,

४) बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,

५) भौगोलिक विकटता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने,

६) प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

प्रारम्भिक वालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास | पटक | १ | १ | ० | ० | ० | २ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण गर्ने | | | | | | | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | ० | १ | ० | १ | ३ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँग को सहकार्य गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | अनाथ असहाय र | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | | | | | | | | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | १२ वटा | २ | ३ | २ | २ | ३ | १२ | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| ८ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवशीय योजना | वटा | १ | ० | ० | ० | ० | १ | |
| ९ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | ६२ वटा | १५ | १५ | १५ | १५ | २ | ६२ | |
| १० | पाठ्यक्रम प्रबोधिकरण गर्ने | २ पटक | १ | ० | ० | १ | ० | २ | |
| ११ | पूर्वाधार, सिकाई क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाई तथा | वटा | ० | २ | २ | ३ | ३ | १० | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | | | | | | | | |
| १२ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | |
| १३ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | | | | | | | | |
| १४ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| १५ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २० ८३/ ८४ | २० ८४/ ८५ | २० ८५/ ८६ | २० ८६/ ८७ | २० ८७/ ८८ | जम्मा | |
| | तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | | | | | | | | |
| १७ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| १८ | परिवार, समुदाय, निजीक्षेत्र | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| | तथा गैर सरकारी सङ्घसंस्थाहरू को सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | | | | | | | | |
| १९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २० | सहयोगी (आया) को व्यवस्था | जना | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| २१ | प्रारम्भिक वालविकास तथा शिक्षकको सेवा तथा सुविधामा वृद्धी गर्ने | संख्या | ७४ | ७४ | ७४ | ७४ | ७४ | संघको निर्णय अनुसार | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | |
| २२ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| २३ | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन | जना | ० | ० | ० | ० | ० | ० | |

## ३.२ आधारभत् शिक्षा

### ३.२.१ परिचय

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो । शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ । नागरिकको सर्वाङ्गिण विकासको आधारनै शिक्षा हो । शिक्षा कुनैपनि देशको राष्ट्रिय पुँजि हो जसले भविश्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ । शिक्षाले सक्षम, सवल, सभ्य, समावेशि, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ ।शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजि निर्माण हो । त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, सुखि नेपाली" को दीर्घकालिन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ ।शिक्षाका उल्लेखित मार्गदर्शन पुरा गर्ने आधार आधारभुत शिक्षाको कुशल सफल मितव्ययी

समावेशि र समन्यायिक व्यवस्थापन हो । शिक्षाको आधारनै आधारभूत शिक्षा हो ।आधारभुत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयत्रवाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानुनि व्यवस्था शिक्षा सम्वन्धि योजना कार्यक्रम आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ ।

नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधन २०७२ को धारा ३१ मा आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न नीतिगत तथा कानुनि व्यवस्था गरिएको छ ।नेपालको संविधान २०७२ को अनुसुची ८ खण्ड ८ मा आधारभुत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ ।संविधानको अनुसुचि ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धी अधिकारको व्यवस्था गरिएको छ । शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षक सेवा आयोगको नियमावलीमा आधारभूत शिक्षा सम्बन्धी विषय ऊल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । दीगो विकासको चौंथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ ।सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक अवसरहरू प्राप्त हुनसकुन भन्ने उद्देश्यले निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभुत शिक्षाको सुनितश्चितता गर्ने कार्यदिशा तय भएका छन।दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने र वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ गुणस्तरीय प्रवद्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने चालु १६ औं पञ्वर्षिय योजनाको रणनीतिलाई यस योजनामा समावेश गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

आधारभूत शिक्षा (कक्षा १—८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो। यस स्थानीय तहमा सामुदायिक तर्फ आधारभूत तहका विद्यालयहरूको सङ्ख्या ४६ रहेको छ भने अध्ययनरत विद्यार्थीको सङ्ख्या २४४१ रहेको छ।संस्थागत तर्फ आधारभूत तहका विद्यालयहरूको सङ्ख्या ७ रहेको छ भने अध्ययनरत विद्यार्थीको सङ्ख्या १५४७ रहेको छ । भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।

लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको नियमितता

र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था छ। अपाङ्गता–मैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन्।

विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या ४ रहेको छ। विद्यालयहरूको भौगोलिक वितरण केही क्षेत्रमा पहुँचमैत्री र केही क्षेत्रमा दुर्गम देखिन्छ। सामुदायिक तर्फ विद्यार्थी–शिक्षक अनुपात औसत १:९ रहेको छ ।

### ३.२.४ उद्देश्य

क) आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

ख) आधारभुत तहको शिक्षामा गुणस्तर सुनिश्चत गर्नु,

ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

घ) विद्यालय व्यवस्थापन, शिक्षकको पेशागत क्षमता तथा शैक्षिक सुशासनलाई सुदृढ गर्दै उत्तरदायी र प्रभावकारी शिक्षा प्रणाली लागु गर्नु।

### ३.२.५ रणनीतिहरू

१) विद्यालय नक्साङ्कन गर्ने,

२) विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने,

३) अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षा ऐन कार्यान्वयन गर्न आवश्यक स्रोत व्यवस्था गर्ने,

४) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,

५) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तह प्रति जवाफदेही बनाउने,

६) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,

७) विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,

८) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने,

९) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,

१०) मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने,

११) विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,

१२) शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,

१३) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,

१५) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,

१६) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,

१७) विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,

१८)विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,

१९)विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,

२०)दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,

२१)अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,

२२)शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,

२३)नतिजा प्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,

२४)विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,

२५)शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने,

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

- अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**प्रमुख नतिजा:**

1) सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागि हुने
2) सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता पुरा गरेको हुने

3) न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने
4) आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने
5) बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने
6) विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने
7) विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने
8) बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने
9) आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने
10) विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने
11) सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने
12) जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | ० | १ | ० | १ | ३ | ५ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | मा.वि./आधारभूत तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | जना | | | | | | | | |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | विद्यालय | सबै | | | | | | | |
| ५ | प्रारम्भिक कक्षा शिक्षण सम्बन्धि शिक्षक तालिम | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | सबै | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | १ | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शिक्षक क्षमता विकास | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | ४०० | |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ११ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | जना | बालबिकास देखी कक्षा ५ सम्मका सबै विद्यार्थी | | | | | | | |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | अपाङ्गता भएका सबै विद्यार्थी | | | | | | | |
| १४ | पाठ्यपुस्तक व्यवस्था | जना | विद्यार्थी सख्याका आधारमा सबै | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | विद्यालय | १५ | १५ | १५ | ५ | ५ | ५५ | ५५ | |
| १६ | विपन्नकालागि ड्रेस, स्टेशनरी छात्रबृत्ति | जना | २०० | २०० | २०० | २०० | २०० | १०००० | २००० | ईमिस संख्या |
| १७ | विद्यालय व्यवस्थापन तथा व्यवस्थित परीक्षा प्रणाली | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २० | विव्यस, शिअसं का पदाधिकारीहरूको क्षमता विकास | जना | आधारभूत विद्यालयका सबै | | | | | | | |
| २१ | अभिभावक अभिमुखिकरण र सहभागिता | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| २२ | अतिरिक्त क्रियाकलाप संचालन गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २३ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था | जना | २० | २० | २० | २० | २० | १०० | २०० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९—१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशिलता रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

माध्यमिक शिक्षा (कक्षा ९—१२) विद्यार्थीहरूको जीवनोपयोगी सीप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो। यस स्थानीय तहमा माध्यमिक विद्यालयहरूको सङ्ख्या सामुदायिक तर्फ १ गुरुकुल सहित १७ रहेको छ भने विद्यार्थी सङ्ख्या १०६३ रहेको छ। संस्थागत तर्फ माध्यमिक विद्यालय संख्या ४ रहेको छ विद्यार्थी सङ्ख्या ३४६ रहेको छ। भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।

लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालक र बालिकाको सहभागिता ५१.१७% र ४८.८२% रहेको छ। अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औँल्याउँछ।

विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या केही रहेको अनुमान छ। शिक्षक—विद्यार्थी अनुपात औसत १:१४ रहेको छ। विषयगत दक्ष शिक्षक विशेष गरी गणित, विज्ञान,

अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर पुर्‍याएको छ।

### ३.३.४ उद्देश्य

१) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

२) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

३) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

### ३.३.५ रणनीतिहरू

१) विद्यालयहरूको नक्साङ्कन गर्ने,

२)सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने,

३) नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,

४) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,

५) लक्षित वर्गका विद्यार्थीलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ,

६) वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,

७) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,

८) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,

९) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,

१०) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,

११) शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,

१२) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,

१३) विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,

१४) विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने

१५) सक्षम, योग्य र स्व उत्प्रेरित प्रअको व्यवस्था गर्ने,

१६) आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने,

१७) नियमित अनुगमन, सुपरिवेक्षण, कार्यसम्पादन मूल्याङकनको आधारमा विद्यार्थी, शिक्षक, विद्यालय प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

१८) शिक्षक विद्यार्थी परामर्श सेवा र अभिभावक संगको सहकार्यलाई प्रभावकारी बनाउने,

१९) SEE र SLCE नतिजा सुधारका लागि अतिरिक्त कक्षा र शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

### ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**प्रमुख नतिजाः**

१) सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने छ,

२) सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुनेछन,

३) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुनेछ,

४) पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षक व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरण निर्माण भएको हुनेछ,

५) माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन,

६) माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुनेछ,

७) माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुनेछन,

८) सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ,

९) माध्यमिक तहको शिक्षामा सुशासन कायम हुनेछ,

१०) माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुनेछ।

## माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | ० | ० | ० | ० | १ | २ | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | बिद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, | पटक हरेक २ बर्षमा पुनरावलोकन | १ | ० | ० | ० | १ | २ | ४ | स्थानीय तह |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुनर्वितरण तथा समायोजन र स्थापना | | | | | | | | | | |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाइ अन्तर सम्वन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | | सङ्घ र स्थानीय तह |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा | माध्यमिक विद्यालय | ० | ० | १ | ० | ० | १ | २ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दुर शिक्षा लगायतका बैकल्पिक प्रवन्ध गर्ने | | | | | | | | | |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | १ | २ | २ | १ | १ | ७ | १४ | सङ्घ र स्थानीय तह |
| ६ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकिकरण तथा बिद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास | जना | ० | २० | २० | २० | १७ | ७७ | १५४ | सङ्घ, प्रदेश र स्थानीय तह |
| ७ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | जना | ० | ४२ | ० | ० | ० | ४२ | ८४ | प्रदेश तथा स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय शिक्षालाइ प्रकोप, सङ्कट तथा महामारीलगायत का परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | ० | १ | ० | ० | ० | १ | २ | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | माध्यमिक विद्यालय | १७ | ५ | ५ | ५ | ७ | ३९ | ७८ | सङ्घ र स्थानीय तह |
| १० | विभिन्न किसिममा अपांगता भएका विद्यार्थिलाइ सहयोग | विद्यार्थी सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ तथा स्थानीय तह |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | कक्षा | ९ देखी १२ | ९ देखी १२ | ९ देखी १२ | ९ देखी १२ | ९ देखी १२ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | ८२ | ८० | ७५ | ८१ | ८२ | ४०० | ८०० | |
| १३ | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | १७ | १७ | १७ | १७ | १७ | सबै मा वि | सबै मावि | |
| १४ | कक्षाकोठामा आधारित मूल्यांकनलाइ शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | २० | २० | २० | २० | २० | सबै मा वि | सबै मावि | |
| १५ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |

**अनौपचारिक तथा आजिवन सिकाई**

**३.४.१ परिचय**

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक

शिक्षा हो । यो निरन्तर प्रक्रिया हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनपर्यन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन । आफ्नो जीवनको इतिहास आफै लेख्छन । तसर्थ सिकाई जीवन पद्धतिसंग जोडिएको हुनेछ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासंग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाईको पहुँचको विस्तार, गुणस्तर बृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७९–२०८८ ले अनौपचारिक शिक्षा र आजीवन सिकाईका लागि १० वर्षभित्र निरन्तर सिकाईमा संलग्न समाज एव सिकाई संस्कृतिको प्रवर्द्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाईको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एव चुनौतिहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

स्याङजा जिल्लाका विभिन्न स्थानीय तहहरूमा अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा संचालन हुदै आएका छन । यस कार्यक्रमले निरक्षरहरू विशेषत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ । यसका लागि स्थानीय तहहरूमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका छन । यस कार्यक्रमबाट स्थानीय निकायहरूमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएको छ । साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभान्वितहरू विशेषत महिलाहरूलाई समूह बनाई आय आर्जन कार्यक्रमसंग समेत जोडी महिलाको समुह बनाई बचत तथा ऋणको कार्यक्रमहरू सञ्चालन गरिए । गाउँगाउँमा सहकारीहरुको माध्यमबाट महिलाहरूको समुह बनाइ आयआर्जन कार्यक्रममा समेत जोड्ने उद्देश्यले बिऊ पूँजी वितरण गरियो । समुहको महिला सदस्यहरूले आफ्नो गक्ष अनुसारको रकम बचत गर्दै जाने र बचत तथा ऋणको व्यवस्था गरी

आफूलाई गारो सारो परेको बेलामा सरसापट गरेर अथवा न्युनतम ब्याजमा त्यो रकमलाई वितरण गर्ने, सोबाट प्राप्त हुने ब्याज मूलधनमा जोडी समूहले आर्जन गर्न र मुनाफा बाँडफाँड गर्ने कार्य रहँदै आएको छ । सामुदायिक सिकाई केन्द्रहरूले अनौपचारीक शिक्षा तर्फका कार्यक्रम पनि सञ्चालन गर्दै आएका छन । गल्याङ नगरपालिकामा ३ वटा सिकाई केन्द्रहरू सञ्चालनमा छन ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ । यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेशले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गरेको छ भने स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाहरूले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने कार्य गरेका छन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाईको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ तर यसका मर्म अनुसार कार्यसम्पादन हुनेसकेको देखिदैन । आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले नगरपालिकाको साक्षरता सम्बन्धी तथ्याङक अद्यावधिक हुन नसकिरहेको अवस्था छ ।

### ३.४.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाई सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ ।

१. अनौपचारिक तथा निरन्तर एवं जीवनप्रर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,
२. सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,
३. आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु ।

### ३.४.४ रणनीतिहरू

१. नगरपालिका क्षेत्र भित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गर्ने,

२. सामुदायिक सिकाई केन्द्रलाई सदृढिकरण गरी अनौपचारीक शिक्षाको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने,
३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने,
४. नवसाक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायीक बनाउन सहयोग गर्ने,
५. सामुदायिक सिकाई केन्द्रहरु मार्फत सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धन गर्ने
६. सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने,
७. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,
८. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने,
९. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,
१०. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, विभिन्न सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,
११. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.४.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाईको अवसर प्राप्त हुनेछ ।

**ख) प्रमुख नतिजा**

1. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुनेछ ।
2. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुनेछ ।
3. सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुनेछन ।
4. सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुनेछ ।

5. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुनेछ ।
6. अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुनेछ ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षा सम्बन्धि तथ्याङक संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| सामुदायिक सिकाई केन्द्रहरुको क्षमता अभिबृद्धि | पटक | १ | ० | १ | ० | १ | ३ | ६ | |
| सामुदायिक सिकाई केन्द्रहरुको व्यवस्थापन अनुदान | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| आजिवन सिकाईका कार्यक्रमहरु सामुदायिक सिकाई केन्द्र मार्फत संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| सीप विकास र आयआर्जनमा कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक सिकाई केन्द्र थप | वटा | ० | ० | ० | ० | ० | ० | ० | |
| तह १ र २ को अनौपचारिक सिकाईको माध्यमबाट सिकेका ज्ञान सीपलाई प्रमाणिकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| अनौपचारिक तथा आजिवन सिकाईको तथ्यांक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## परिच्छेद ४
## अन्तरसम्बन्धित विषय क्षेत्रहरु

### ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.२ परिचय

पाठ्यक्रम विद्यालय शिक्षाको त्यो पूर्ण रूपरेखा हो जसले विद्यार्थीको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने उद्देश्य, सामग्री, शिक्षण विधि र मूल्याङ्कन प्रणालीलाई व्यवस्थित रूपमा निर्धारण गर्दछ। प्राथमिक तह (कक्षा १—५) को पाठ्यक्रमले मुख्यतया बालबालिकामा आधारभूत साक्षरता, गणितीय सीप, सामाजिक सद्भाव, र जीवनोपयोगी सीपहरू विकास गर्नमा जोड दिन्छ, जसले उनीहरूको सिकाइको बलियो जग निर्माण गर्दछ। अर्कोतर्फ, माध्यमिक तह (कक्षा ९—१२) को पाठ्यक्रमले विद्यार्थीहरूलाई थप ओजिलो, विश्लेषणात्मक र विषय-विशिष्ट ज्ञान प्रदान गर्दै उनीहरूलाई उच्च शिक्षा, व्यावसायिक दक्षता, र श्रम बजारका लागि तयार पार्ने लक्ष्य राख्दछ। आधारभूत देखि उच्च तहसम्मको यो सिकाइको शृङ्खलाबद्ध निरन्तरताले नै विद्यार्थीलाई सक्षम नागरिक बनाउँछ। समग्रमा, प्राथमिक तहको जग र माध्यमिक तहको विशिष्टतालाई जोड्दै राष्ट्रिय आवश्यकता र आधुनिक युग सुहाउँदो दक्ष जनशक्ति उत्पादन गर्ने पाठ्यक्रम एक गतिशील र महत्त्वपूर्ण शैक्षिक योजना हो।

मानवीय आवश्यकता, बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

### ४.१.३ वर्तमान अवस्था

कक्षा १-३ को पाठ्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्रका आधारमा सक्षमता र विषय क्षेत्र समेटी एकीकृत गरिएको छ। व्यवहारकुशल तथा गैर संज्ञानात्मक सिप तथा जीवनोपयोगी सिपहरूको विकास तथा

कार्यान्वयन गरिएको छ। स्थानीय परिवेशमा आधारित पाठ्यक्रम कार्यान्वयन गर्न स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिएको छ।

पाठ्यक्रम प्रारूपले मातृभाषा तथा बहुभाषिक सन्दर्भमा सिकाइ सहजीकरणका लागि स्थानीय भाषामा सिकाउने प्रावधान गरेको छ। यसले कक्षाकोठामा प्रयोग गरिने भाषा र सिकारुको घरमा बोल्ने भाषाबिच तादात्म्यता राख्न सहयोग गर्छ। जसले सिकाइमा आउने बाधालाई पनि हटाउँन सहयोग गर्छ। मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मानिएको छ र सिकाइका लागि निरन्तर रूपमा पृष्ठपोषण प्रदान गर्न मूल्याङ्कन एक माध्यमको रूपमा रहने पाठ्यक्रमको नीतिगत व्यवस्था छ।

माध्यमिक तहमा प्राविधिक धारको कार्यान्वयनमा देखा परेको जटिलतालाई हेर्दा बजारको मागअनुसारका सिप हासिल हुने गरी यसमा रहेका अन्तरको विश्लेषण गरी पाठ्यक्रममा सुधार तथा समायोजन गर्नुपर्ने देखिन्छ।

आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन, माध्यमिक तहमा आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्दति अपनाईएको छ । सार्वजनिक परीक्षाहरू स्तरीकृत गरी परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा विगत वर्षहरूमा विभिन्न सुधारहरू गरिएको छ। कक्षा ५ र ८ परीक्षा पालिकास्तरमा सञ्चालन गर्ने गरिएको छ। विद्यालयमा आधारित परीक्षाका नतिजाको विश्लेषण गर्न र तिनलाई व्यवस्थित रूपमा सिकाइ सुधारमा प्रयोग गर्न शिक्षकहरूलाई उपयुक्त किसिमले तालिम दिनु आवश्यक छ।

सामुदायिक विद्यालयको कक्षा १-१२ मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गर्ने पाठ्यपुस्तकहरू प्रयोग गर्छन्। सबै विद्यार्थीलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था स्थानीय तहबाट हुँदै आएको छ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु आवश्यक छ। अपाङ्गता भएका बालबालिकाका लागि समायोजित पाठ्यक्रम तथा सिकाइ सामग्रीमा अपाङ्गताको प्रकृतिअनुसार अधिकतम लचकता प्रदान गर्ने कार्य पनि चुनौतीपूर्ण छ।

### ४.१.४ उद्देश्य

१) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

२) स्थानीय पाठ्यक्रम अद्यावधिक तथा पूर्ण कार्यान्वयन गर्नु,

३) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नु ।

### ४.१.५ रणनीतिहरू

१) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,

२) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,

३) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,

४) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

५) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको व्यवस्था गर्ने,

६) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,

७) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

८) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

९) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,

१०) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

११) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तको प्रभावकारी कार्यान्वयन गर्ने,

१२) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने,

### ४.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, नैतिकवान, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार भएको हुने छ।

**प्रमुख नतिजाः**

१) पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुनेछ,

२) पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुनेछ,

३) सिकाइ दैनिक जीवनसँग सम्बन्धित हुनेछ,

४) पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुनेछ,

५) सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुनेछ,

६) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री अद्यावधिक तथा पूर्ण कार्यान्वयन हुनेछ।

**पाठ्यक्रम र पाठ्यसामाग्रीका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | पाठ्क्रम अभिमुखिकरण | सङ्ख्या | ४० | २० | २० | २० | २० | १२० | २४० | स्थानीय तह,शिविसइ |
| २ | शिक्षक तालिम र पुनर्ताजगि तालिम | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | २०० | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ३ | शिक्षक पेसागत सहयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह,मानव |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | संसाधन केन्द्र |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ५ | आवधिक मूल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ६ | डिजिटल सामाग्रीको प्रयोग | वटा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय,सरकार |
| ७ | सूचना प्रविधिको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम अद्यावधिक तथा कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| १० | माध्यम भाषाको रुपमा मातृभाषको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | स्थानीय तह, विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैः विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको ब्यवस्था | सबै विद्यालयका कक्षा १ देखि ३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | पटक | १ | ० | ० | १ | ० | २ | ४ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रुपमा विद्यमान मापदण्ड १ : ४० शिक्षक विद्यार्थी अनुपात  कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना , परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन

शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो ।

पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार कनफरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य पुरागर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

यस पालिकामा स्वीकृत दरवन्दि, राहत अनुदान, प्राविधिक धार, शिक्षण सहयोग अनुदानमा ३८९ जना शिक्षकहरु कार्यरत छन्। प्राथमिक तहमा १-५ मा २२५ जना, निमावि तह कक्षा ६-८ मा ६५ जना र माध्यमिक तह कक्षा ९-१० मा ५६ जना तथा कक्षा ११-१२ मा २१ शिक्षक दरवन्दि रहेको छ। आधारभूत तहमा शिक्षा विद्यार्थी अनुपात १:९ रहेको छ भने माध्यमिक तह १:१४ र आधारभूत तहको कक्षा ६-८ मा १:८ रहेको छ ।विद्यालयमा आवश्यक न्युनतम शिक्षक दरवन्दि पुग्न सकेको छैन ।कार्यरत शिक्षकमध्ये ९० प्रतिशत शिक्षकहरु तालिम प्राप्त छन्।

सङ्घीय संरचना कार्यान्वयनमा आएपछि विगतमा कार्यथलो वा कक्षाकोठामा शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउन स्थापना गरिएका स्रोतकेन्द्रहरू खारेज गरिए। यी स्रोतकेन्द्रहरूको बिकल्पको रूपमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकहरूको अनुभव साटासाट गर्न स्थानीय तह जिम्मेवार

रहेको छ । यसका लागि एक गतिशील शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना गरी शिक्षक पेसागत सहायताको पद्दति कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

विद्यालय शिक्षा क्षेत्र योजनाले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न शिक्षकहरूको रोष्टर तयार गरी परिचालन गर्ने कार्यक्रम रहेको छ । शिक्षकको पेशागत सहायता सम्बन्धमा मार्गदर्शनहरु तय भएका छन् । गुणस्तरीय शिक्षाको निर्धारणमा प्रधानाध्यापकको सक्षम नेतृत्व पहिचान गरिएको सन्दर्भमा विद्यालय क्षेत्र शिक्षा योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले नेपाली र गणित विषयमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक नभएको देखाएको छ भने यस पालिकाको शैक्षिक उपलब्धि पनि धेरै उत्साहजनक रहेको छैन ।

शिक्षकको नियमितता तथा कक्षाकोठामा विताउने समय वृद्धि गर्न सकिएको छैन । शिक्षक व्यवस्थापन तथा विकासको चुनौतीपूर्ण कुरा भनेको शिक्षणलाई आकर्षक पेसाका रूपमा विकास गर्न नसक्नु हो। हाल प्रतिभावान व्यक्तिहरूलाई यस पेसामा आकर्षित गर्न तथा टिकाउन सकिएको छैन। विश्वविद्यालयका अधिकांश शिक्षक तयारीका कार्यक्रमहरू पर्याप्त विषयवस्तु तथा शिक्षण सिपयुक्त जनशक्ति उत्पादन गर्न नसक्दा क्षमतावान् शिक्षकहरूको आपूर्ति गर्न सकिएको छैन। विद्यमान सेवाकालीन तालिम तथा पेसागत विकासका कार्यक्रमले पनि शिक्षकहरूमा ज्ञान तथा सिप पूर्ण रूपमा सिकाउन सकेको छैन। सङ्घीयता कार्यान्वयनपश्चात् स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीको पनि अभाव देखिएको छ । शिक्षा तालिम केन्द्रहरूको सङ्ख्यामा भएको कटौती तथा पर्याप्त क्षमता नहुनुले पनि चुनौती थपेको छ। शिक्षक पदस्थापनामा रहेको भिन्नता तथा विद्यार्थीको सिकाइ र शिक्षकको कार्यसम्पादन तथा वृत्ति विकासबिच सम्बन्ध कायम गर्न नसक्नुका कारण शिक्षकको उत्प्रेरणा, वृत्ति विकास तथा उत्तरदायित्वमा चुनौती छ ।

### ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रुपमा शिक्षक दरवन्दी व्यवस्थापन गर्नु

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

१) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,

२) रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,

३) प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,

४) स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,

५) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,

६) शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,

७) शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने।

८) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।

९) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।

१०) शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।

११) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

१२) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

१३) शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित

गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

१४) रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था गर्ने ।

१५) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईने ।

१६) शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने ।

१७) कार्ययोजना, शैक्षिक योग्यता, अनुभव लगायतको आधारमा विद्यालयमा प्रधानाध्यापकको छनौट गरिने ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

**प्रमुख नतिजाः**

१) राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,

२) शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,

३) शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,

४) पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,

५) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,

६) शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,

७) शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,

८) शिक्षकको आपूर्ति नियमित रूपमा हुने,

९) शिक्षकको बृत्ति विकासका लागि परादर्शी र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

## शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति र सरूवा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरू तथा विद्यार्थी संख्याको आधारमा दरबन्दी व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | १ | ० | ० | ० | ० | १ | २ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | पुस्तकालय र पुस्तक कुना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सूचना प्रविधि प्रयोगशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विज्ञान प्रयोशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | ईन्टरनेट सेवाको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | परिक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | शिक्षक पेसागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | विज्ञ समूहको गठन | पटक | १ | ० | १ | ० | १ | ३ | ५ | |
| २३ | सहपाठी कक्षा अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २५ | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्तर | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २७ | प्रधानाध्यापकको व्यवस्था | पटक | १ | ० | ० | ० | १ | २ | ३ | |
| २८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्तर | |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

विभेद र बञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । यो आफैंमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । गल्याङ नगरपालिका एउटा विविधताले भरिपूर्ण नगरपालिका हो ।गल्याङ नगरपालिकामा ब्राह्मण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ। विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसंख्या यस नगरपालिकामा बढी छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएकाहरूको लागि शिक्षामा पहुँच कठीन रहेको छ ।
बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ ।

समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

गल्याङ नगरपालिकामा समुदायमा बाल विकास ७४ वटा विद्यालयहरुमा संचालनमा रहेको छ । उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्दै आएका छन । कतिपय विद्यालयहरुमा शारिरीक अपाङ्गता भएका बालबालिकाहरु समेत रहेका छन । यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहुँच बृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने गरिएको छ । कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको संख्या रिपोटिङ नभएकाले संख्या कम देखिन गएको छ भने यस प्रकारका बालबालिकाहरु विद्यालय शिक्षा पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरु, रोगहरुबाट पीडित बालबालिकाहरु अभिभावक र सहाराबिहीन बालबालिकाहरु रहेको समुदाय छ । तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेका छन । त्यस्ता प्रकारका बालबालिकाहरु समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ ।

विद्यालय भर्ना भएका बालबालिकाहरुलाई आवासीय र गैरआवासीय रुपमा तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ । खासगरी आधारभूत तहको कक्षा १–५ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरुलाई कुनै न कुनै रुपमा सहयोग गरिदै आएको छ । कक्षा ६ देखि माथि विपन्न लक्षित छात्रवृती कार्यक्रमबाट विपन्न विद्यार्थीलाई छात्रवृती तथा गल्याङ नगरपालिकाले कक्षा ११ र १२ मा अध्ययनरत २० प्रतिशत र गल्याङ नगरपालिकाका सामुदायिक क्याम्पसमा अध्ययनरत १० प्रतिशत गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृति प्रदान गर्दै आएको छ। त्यसैगरी विद्यार्थी मूल्याङ्कनको क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरुलाई थप समयको व्यवस्था समेत गरिने प्रावधान छ । सुस्त मनस्थितिका बालबालिकाहरुलाई पालिकामा नै रहेको स्रोत कक्षामा र बहिरा बालबालिकाहरु, दृष्टिबिहिन बालबालिकाहरुको लागि छिमेकी पालिकाहरुमा सञ्चालनमा रहेको स्रोतकक्षामा पठाउन सहजीकरण गरि शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ । नगरपालिकाले धेरै महत्वपूर्ण कामहरु गरिरहेको भएतापनि अझैपनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन ।

### ४.३.३ उद्देश्य

क) लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,

ख) लक्षित समूहका बालबालिकाहरुको सिकाई सहभागितामा बृद्धि तथा सिकाई उपलब्धी सुधार गर्नु,

ग) समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु ।

### ४.३.४ रणनीतिहरू

१) घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गरी राखिने छ ।

२) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ ।

३) साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिनेछ ।

४) विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक, विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ ।

५) समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ ।

६) विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिनेछ।

७) विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ ।

८) विद्यालयहरूमा बिशेषतः छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।

९) प्रत्येक बिद्यालयहरुमा गुनासो पेटिका बनाई राख्न लगाईने छ ।

### ४.३.५ उपलब्धी, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुनेछ।

**ख) प्रमुख नतिजा**

१) अपाङ्गता, गरिव, विपन्न, अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने ।

२) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

३) लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एव प्रोत्साहन प्राप्त गरेको हुने ।

४) विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरू को तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१०बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | ३ | ४ | २ | ३ | ४ | १६ | ३२ | |
| ३ | लक्षित बर्गको लागि छात्रबृत्ति वितरण | सङ्ख्या | १६२ | १५५ | १६० | १७० | १६० | ८०७ | १६०० | |
| ४ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | आवश्यकतानुसार |
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | विद्यालय | ६८ | ६८ | ६८ | ६८ | ६८ | सबै | सबै | |
| | | | | | | | | | | |

### ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

#### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाईसंग स्वास्थ्य तथा पोषणको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाई सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। सरसफाई तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी

शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बिचमा विद्यालय छाड्ने दर घटाउनमा योगदान गरी सिकाई उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाको केही प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ बराबरको खाजा खुवाउन थालिएको छ भने आ व ०८२/०८३ देखी प्रति विद्यार्थी प्रति दिन रु २० अधिकतम १८० दिन बराबरको उपलब्ध गराइएको छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापन गरिएको छ ।

### ४.४.२ बर्तमान अवस्था

गल्याङ नगरपालिकाका सबै माध्यमिक र केही आधारभूत विद्यालयहरुमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गरिएको छ भने केही विद्यालयमा निर्माण गर्ने प्रक्रियामा रहेका छन । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिएको छ । सबै विद्यालयको लागि प्राथमिक उपचार सामाग्रीको बाकस, बालिकाहरूका लागि आइरन चक्की प्रभावकारी रुपमा वितरण गरिएको छ । हाल नगरपालिका अन्तरगतका ६२ वटा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ । जसबाट आर्थिक अवस्था कमजोर भएका घरका विद्यार्थीहरु धेरै लाभान्वित भएका छन् ।

### ४.४.३ उद्देश्यहरु :

१) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

२) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु ।

### ४.४.४ रणनीतिहरू

१) बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामाग्रीहरू तथा समुहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लैजाने,

२) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूको लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर

सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

३) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) को वितरण, HPV खोप र किशोरीहरूको महिनावारी स्वच्छताका लागि सेनेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने,

४) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि शाखासंग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,

५) दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

१० विद्यालय खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानूनी प्रबन्ध हुनेछ ।

२० दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियमक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।

३० प्रारम्भिक बालविकास शिक्षादेखि आधारभूत तह कक्षा ५ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।

४० सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ५ सम्मका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुनेछ ।

५० विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा प्रयाप्त खानेपानी, साबुन तथा सफाई सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशारीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामाग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।

६० विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक किशारीहरुको मासिक महिनावारीमा सेनेटरी प्याड वितरण हुनेछ ।

७० विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि

महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य ( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| विद्यालयहरुमा सेनेटरी प्याड लगायत सफाईका सामाग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विद्यालयमा सरसफाईको लागि साबुन, पानी लगायतका सामाग्रीहरुको व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| खाजाका लागि थप वित्तिय स्रोतको खोजी र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| दिवा खाजा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| दिवा खाजाको लागि आवश्यक सामाग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| अनुगमन मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.५ शिक्षामा सूचना प्रविधि

### ४.५.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ

तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउनेउल्लेख गरेकव छ । त्यसैगरीनिरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए ।

### ४.५.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कतिपय नीति तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन्। विद्युत र कम्प्युटरमा पहुँच, इन्टरनेट कनेक्टिभिटी, डिजिटल सिकाइ सामग्रीको विकास तथा ती सामग्रीमा पहुँच, शिक्षकको क्षमता समेतका मानव संशाधनको विकास र शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिसहित सूचना तथा सञ्चार प्रविधिको संरचनामा केही प्रगति भएको भए तापनि सुधारहरू आवश्यक छन्।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकासमा वर्षैपिच्छे सुधार हुँदै गएको र धेरैजसो माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार भए तापनि यी सुविधाहरू पर्याप्त छैनन् र ज्यादै कम विद्यालयले मात्र शिक्षण सिकाइमा प्रयोग गर्ने गरेका छन्। कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरण प्राप्त गर्ने गरेका छन्।

यस पालिकामा सञ्चालित ७० विद्यालयमध्ये ६५ विद्यालयमा विद्युत सुबिधा पुगेको छ । १७ विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था रहेको छ भने ६२ विद्यालयमा इन्टरनेट जडान गरिएको छ। आ व ०८२|०८३ बाट गल्याङ नगरपालिका भित्रका सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा कक्षा ८ र ९ मा E-Learning

कार्यक्रम कार्यान्वयनको चरणमा छ। यो कार्यक्रमबाट कक्षा ८ र ९ मा स्मार्ट बोर्ड जोडिनेछ भने कक्षा ८ र ९ मा अध्यापनरत सबै शिक्षकको क्षमता विकास गरिनेछ। ईन्टरनेट जडान सहित कम्प्युटर ल्याव स्थापना भएका विद्यालयमा डिजिटल सिकाइ सामग्रीको व्यवस्था, कम्प्युटरसम्बन्धी ज्ञान भएका शिक्षकहरुको कमी तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोगको अवस्था कमजोर रहेको छ। सबै शिक्षकहरुलाई कम्प्युटरसम्बन्धी ज्ञान, सीप प्रदान गर्नु, नियमित विद्युत आपूर्ति तथा कक्षाकोठामा प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ।

### ४.५.३ उद्देश्य

१) सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने ।

२) सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्‍याउने,

३) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने।

### ४.५.४ रणनीतिहरू

१) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,

२) सबै शिक्षकहरूको क्षमता विकास गरिने,

३) विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,

४) शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,

५) शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,

६) शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,

७) सामुदायिक सिकाई केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

१) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन भएको हुनेछ।

**प्रमुख नतिजाः**

सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,

१) विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,

२) सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,

३) सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,

४) सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,

५) सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,

६) सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,

७) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने।

**शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | वटा | १७ | २ | २ | २ | २ | २५ | ३५ | |
| २ | प्रत्येकविद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | ६२ | ६४ | ६६ | ६७ | ६८ | ६८ | ६८ | सङ्घ र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | ५६ | २० | २० | २० | २० | १३६ | २०० | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | वटा | १७ | २ | २ | २ | २ | २५ | ३५ | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामूदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | ० | १ | ० | १ | ० | २ | ४ | |
| ७ | विद्यालमा इ हाजिरी ब्वस्थापन | वटा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | वटा | १७ | १७ | १७ | १७ | १७ | सबै मा वि | **सबै मा वि** | |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट | विद्यालय | ० | ० | १ | १ | २ | ४ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगायतको व्यवस्थापन (लागत सहभागिताका अधारमा) | | | | | | | | | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतप्रयोगका लागितालिमको व्यवस्था | जना | ५६ | २० | २० | २० | २० | १३६ | २०० | |

# ४.६ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा

## ४.६.१ परिचय

विश्वमा बेला बेलामा आउने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द, युद्ध जस्ता संकटको समयमा सबै ठाउँमा विद्यार्थीहरु विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ। यस्तो अवस्थामा समेत बालबालिकाहरु शिक्षाबाट बञ्चित नहुन भन्ने उद्देश्यका साथ र बालकालिकाहरुको सिक्न पाउने अधिकारलाई संरक्षण दिदै सिकाईलाई निरन्तरता दिनको लागि बैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा भन्ने गरिनेछ। यसको मूल उद्देश्य भनेको संकटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरुलाई संरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमको तयारी र संचालन गर्ने रहेको छ। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएको हुनेछ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्न बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दिर्घकालिन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिदै आएको छ । समय समयमा भएका नेपाल बन्द हडताल, २०७२ सालको भूकम्प, कोभिड १९ लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरुको कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस भन्ने हेतुले शिक्षा क्षेत्रको योजना (सन २०२१–२०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ । यस महत्वलाई मध्यनजर गर्दै नगरपालिकाले पनि आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नु पर्दछ भन्ने मान्यताका साथ यस खण्डमा बर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धीहरु समावेश गरिएका छन ।

### ४.६.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुरालाई निषेध गरेको छ। बृहत विद्यालय न्युनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपतको समयमा केन्द्रित रही सिकाई पूर्वाधार, विपद जोखिम व्यस्थापन, विपद जोखिमका न्युनिकरण र उत्थानशीलताका मापदण्डहरु उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ । यसका अलवा राष्ट्रिय शिक्षा नीति २०७६ लगायत विभिन्न गुरुयोजना, नीतिहरुले समेत आपत तथा विपदको समयमा समेत विद्यालय शिक्षालाई कायम राख्नु पर्ने करालाई जोड दिएका छन ।
नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुवान जस्तो विपदले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रशस्त उदाहरण रहेका छन । स्याङजा जिल्ला समेत यो समस्याबाट अछुतो रहन सकेको छैन । विकट भौगोलिक अवस्था भएको नगरपालिकाका विद्यालयहरु पहिरो तथा बाढीबाट प्रभावित हुने गरेका छन । हालको कोभिड-१९ का विषम परिस्थितिले त झन आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट नै गरी आवश्यकताको आधारमा लागु गर्न तयार रहनु पर्दछ भन्ने पाठ सबैलाई सिकाएको अवस्था छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीका सिकाई सहजिकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम., टेलिभिजन, अनलाईन परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतको वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीन संकटको बारेमा केही पूर्वानुमान गर्न सकिएतापनि यसको ठयाक्कै प्रभाव, असरको बारेमा भविष्यवाणी गर्न भने सकिदैन

। तरपनि विगतका अभ्यासहरुको आधारमा आपतकालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ । आपतकालीन अवस्थाको शिक्षा योजना बनाउदा के कस्ता कुराहरुलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो । यसका साथ स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासंग कसरी तादाम्यता मिलाउने, योजना अल्पकालिन बनाउने कि दिर्घकालिन बनाउने भन्ने जस्ता चुनौतिहरु भने रही रहेका छन । यस्ता चुनौतिहरुलाई विचार गर्दै नगरपालिकाले आपतकालीन शिक्षा योजना बनाउने अवस्थाको आकलन, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीको कुराहरुलाई महत्वकासाथ सम्बोधन गर्नु पर्दछ ।

## ४.६.३ उद्धेश्यहरु

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,

२. संभावित विपदको व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासको लागि भौतिक, मानविय तथा आर्थिक श्रोतको व्यवस्थापन गर्नु,

३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाईका विधिहरु प्रयोग गरी बालबालिकाहरुले सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

४. हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्नु ।

## ४.६.४ रणनीति

१. प्रकोप, विपद, महामारीको पूर्व अनुमान अनुसार संघीय सरकारले बनाएको कार्यविधिहरुको लागु गर्ने संयन्त्रको विकास गरिने ।

२. स्थानीय सरकारवाला तथा विज्ञहरुसंग अन्तरक्रिया छलफल गरी स्थानीय स्तरमा तहगत रुपमा बैकल्पिक सिकाई पाठ योजना तयार पारिने ।

३. स्थानीय रेडियो, टेलिभिजन लगायतका संस्थाहरुसंग समन्वय गरिने ।

४. विपद प्रतिरोधी पूर्वाधारहरुको निर्माणमा जोड दिइने ।

५. स्थानीय विज्ञहरु समेत समेटी गाउँपालिका स्तरीय एउटा विपद व्यवस्थापन समिति बनाइने छ । जसमा विद्यालय शिक्षा हुने उपसमिति समेत बनाई कार्य सम्पादन गरिने ।

६. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।

७. महामारीका समयमा शिक्षण सिकाईलाई निरन्तरता दिन वैकल्पिक उपायहरुको तयारी गर्ने ।

८. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

९. विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गर्ने ।

१०. हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धी**

आपतकालिन तथा संकटका समयमा समेत नगरपालिका भित्रका विद्यालयहरुमा पठपाठन गर्न विद्यार्थीहरुलाई बैकल्पिक माध्यमबाट भएपनि सिकाईलाई निरन्तरता दिएको हुनेछ ।

**ख) नतिजा**

१. विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा संकटको समयको लागि व्यवहारिक योजना निर्माण भइ आवश्यकताका आधारमा लागु हुने ।

२. प्रकोप महामारीमा समेत सिकाई निरन्तर हुने ।

३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाईका विधिहरु प्रयोग गरी बालबालिकाहरुले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने ।

४. हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास जस्ता कार्यक्रमहरु कार्यान्वयन भएको हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | | | |
| आतपकालिन संकटकालीन अवस्थामा शिक्षा सम्बन्धी स्थानीय सरकारको कार्यविधि विकास | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| निर्देशिकाको आधारमा विज्ञ व्यवस्थापन समिति गठन | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| स्रोत शिक्षक तथा प्र.अ. लाई तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताको लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ४.७ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.७.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह (६ ८) तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

## ४.७.२वर्तमान अवस्था

यस पालिकामा सामुदायिक विद्यालय तर्फ सबै विद्यालयको भवन लाई तुलना गर्दा औषत भवन संख्या माध्यमिकमा ५ आधारभुत (कक्षा १ देखि ८) मा ३ र आधारभुत (कक्षा १ देखि ५) मा २ भवन रहेका छन । सबै सामुदायिक विद्यालयमा छात्रा शौचालय छन भने करिब ४० विद्यालयमा महिला शिक्षक शौचालय छन । सबै विद्यालयमा आफ्नै खानेपानीको श्रोत रहेको छ भने केही पानी शुद्धीकरणको व्यवस्था गरिएको छ । पालिका भरमा ४१ वटा विद्यालयमा पुस्तकालय, २० वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १७ विद्यालयमा कम्प्युटर प्रयोगशाला र ६२ विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा सबै विद्यालयमा स्टाफ कोठा, ५० विद्यालयमा स्टोर कोठा, ५ विद्यालयमा खेलकुद कोठा साथै १० विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन । अधिकांस विद्यालयमा घेराबारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण समेत भएका छन । विद्यालयमा भौतिक पुर्वाधार निर्माण तथा मरम्मत सम्भारको लागि वडा तथा नगर बाट विद्यालयलाई योजना छनौट भए पनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छनः

१.भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको प्रभावकारी भुमिका नहुनु ।
२.पूर्वाधार विकास कार्यलाई गुणस्तरीय पारदशी एवं जवाफदेही बनाउनु ।
३.सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।

४.आवश्यक स्रोतको व्यवस्थापन गर्नु ।
५.पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

## ४.७.३उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।
२. पूर्वाधारहरूलाई पारदशी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउने ।
३. विद्यालयको विस्तृत भौतिक पुर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी गर्ने ।

## ४.७.४ रणनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्याथी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिने ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिने ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाइन गरिने ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिने ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने ।
६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिने ।
७. आंशिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिने ।
८. इमिसको तथ्यांकबाट गुरुयोजनामा समावेश भएका विद्यालयको भौतिक पुर्वाधार मर्मत गरिने ।

## ४.७.५उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

### क) उपलब्धि

१.सबै विद्याथीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ।

### ख) नतिजा

१.माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।
२.पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्याथी सङ्ख्याको आधारमा मापदण्ड विकास हुने ।
३.पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने ।
४.पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
५.पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने ।
६.विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने ।
७.सबै विद्यालयको क्षेत्रभित्र घेराबार र प्रवेश गेट निर्माण भएको हुने ।

ग)प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ बर्ष | | | | | लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ५ बर्ष | १० बर्ष | कैफियत |
| १ | भौतिक पुर्वाधार विकास योजना निर्माण | हरेक बर्ष | १ | ० | ० | १ | ० | २ | ३ | |
| २ | विद्यालयमा नयाँ भौतिक संरचना निर्माण (खानेपानी, शौचालय, भवन, कम्पाउन्ड आदि) | प्रतिशत | १० | १० | १० | १५ | १५ | ५५ | १०० | |
| ३ | निर्माण भएका संरचनाको मर्मत सम्भार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | बालमैत्री प्रविधिमैत्री र समतामुलक भवन कक्षाकोठा व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विज्ञ समुह मार्फत विद्यालयको स्थलगत अनुगमन, विनियोजित रकमको कार्यान्वयन र मुल्यांकन | निरन्तर | निरन्तत् | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## परिच्छेद ५

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुर्‍याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ। यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ।

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार

शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइमा राखिएको छ भने प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा /शाखाको व्यवस्था गरिएको छ ।

### ५.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन् ।

यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागिजिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र गण्डकी प्रदेशले सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कायम गरी अगाडि बढेको देखिन्छ ।

### ५.१.३ उद्देश्य

१) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

२) शिक्षा शाखामा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

३) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

### ५.१.४ रणनीतिहरू

१) स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

२) संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,

३) कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,

४) स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,

५) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।

६) कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख नतिजाः**

१) शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,

२) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,

३) शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,

४) सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ।

संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | |
| २ | प्रधानाध्यापकलाइ कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | विद्यालय | ६८ | ० | ० | ० | ० | सबै | सबै |
| ३ | विद्यालयका पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | ० | ० | ७० | ० | ० | सबै | सबै |
| ५ | शिक्षा शाखामा कार्यरत कर्मचारीको क्षमता विकास | सबै | ४ | ० | ० | ४ | ० | ८ | ८ |
| ६ | विद्यालय कर्मचारी प्रोत्साहन | जना | ६२ | ६२ | ६२ | ६२ | ६२ | सबै | सबै |
| ७ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | ० | ० | ६८ | ६८ | ६८ | सबै | सबै |
| | | | | | | | | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ५.२.२ वर्तमान अवस्थाः

शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण वजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ।

### ५.२.३ उद्देश्यहरुः

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ रणनीतिहरू

१) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

३) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

४) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयारी तथा त्यसको समीक्षा गरी थप सुधार गर्ने ।

५) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

६) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।

७) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

९) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरुः**

१) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजाः**

१) शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | ० | ० | ०० | ० | १ | २ | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वयन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन । कार्यक्रम संचालनको लागि बजेट नगर सभाले र कार्यान्वयनको आबश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा

नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी नगरपालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन, नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ ।

नगरशिक्षा योजनाको जानकारी गरउन सरोकारवालाहरूलाई भेला गराइ तथा सूचना तथा प्रविधिको माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा नगरपालिका, वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक आवश्यकता अनुसार बस्नेछ ।

### ५.३.३ उद्देश्य

1. अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु
2. अनुमगन तथा मूल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु
3. योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

### ५.३.४ रणनीतिहरू

१) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।

२) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

३) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

४) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

५) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने

६) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

७) योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

१) प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

२) कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुनेछ ।

३) समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनेछ ।

**प्रमुख नतिजाः**

१) नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ ।

२) अनुगमनका आधारमा नतिजा सुधार हुनेछ ।

३) अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | ० | १ | ० | ० | २ | ४ | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन हुनुपर्नेछ भने ता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षाका नीति तथा कार्यक्रम सञ्चालन गर्न तिनै तहलाई अधिकार सम्पन्न बनाएको छ ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ७० हजार रहेको छ । तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेकाछन् ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घ, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट ५ बर्षको रु लाखमा | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | 20037 | 93.72 | |
| २ | प्रदेश सरकार | ५० | 0.24 | |
| ३ | स्थानीय सरकार | १२६७ | 5.93 | |
| ४ | अभिभावक तथा समुदाय | १० | 0.046 | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | १० | 0.046 | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | ५ | 0.023 | |
| | जम्मा | २१३७९ | 100.00 | |

## ६.३ उद्देश्य

१) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

२) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

३) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

४) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

## ६.४ रणनीतिहरू

१) सङ्घ र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

२) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

३)

४) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

५) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

६) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने ,

७) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

८) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

१) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

२) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

## ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण

| क्र स | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रित इकाइ लागत रु ००० मा | | | | | | श्रोत आँकलन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | 48116 | 48116 | 51577 | 51577 | 55385 | 200772 | 133272 | 0 | 67500 |
| २ | ३.२ आधारभतू शिक्षा | 228206 | 228206 | 251026 | 251026 | 276129 | 1234594 | 1234594 | 0 | 0 |
| ३ | ३.३ माध्यमिक शिक्षा | 74657 | 74657 | 82122 | 82122 | 90334 | 403894 | 403894 | 0 | 0 |
| ५ | ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा | 1000 | 1000 | 1100 | 1100 | 1210 | 5410 | 5410 | 0 | 0 |
| ६ | ३.६ पाठ्यक्रम र पाठ्यसामग्री | 1600 | 1600 | 1760 | 1760 | 1936 | 8656 | 0 | 0 | 8656 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ३.७ शिक्षक व्यवस्थापन र विकास | 3190 | 3190 | 3509 | 3509 | 3859 | 17257 | 6979 | 0 | 10278 |
| ८ | ३.८ विद्यालय व्यवस्थापन तथा भौतिक पुर्वाधार विकास | 12950 | 10000 | 11000 | 11000 | 121000 | 57050 | 42500 | 5000 | 9550 |
| ९ | ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा | 4300 | 4300 | 4730 | 4730 | 5203 | 23263 | 15696 | 0 | 7567 |
| १० | ३.१० गुणस्तरीय सार्बजनिक शिक्षा | 25200 | 25200 | 27720 | 27720 | 30492 | 136332 | 136332 | 0 | 0 |
| ११ | ३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा | 3898 | 3898 | 4287 | 4287 | 4716 | 21088 | 11350 | 0 | 9738 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | ३.१२ शिक्षामा सूचना प्रविधि | 5000 | 2000 | 2200 | 2200 | 2420 | 13820 | 6910 | 0 | 6910 |
| १३ | ३.१३ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | 500 | 500 | 550 | 550 | 605 | 2705 | 0 | 0 | 2705 |
| १३ | संस्थागत संरचना र क्षमता विकास | 1500 | 1500 | 1650 | 1650 | 1815 | 8115 | 1800 | 0 | 6315 |
| १४ | योजना कार्यन्वयन अनुगमन तथा मूल्यङ्कन समन्वय र सहजीकरणा | 930 | 930 | 1023 | 1023 | 1125 | 5031 | 5031 | 0 | 0 |
| | जम्मा | 411047 | 405097 | 444254 | 444254 | 596229 | 2137987 | 2003768 | 5000 | 129219 |

## परिच्छेद ७

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वयर सहजीकरण

### ७.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ ।विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र

सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

### ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ

। प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्नेछन् ।गल्याङ नगरपालिकाको नगर शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाको ठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | नगर शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | एकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास महाशाखा | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

नगर शिक्षा योजनाको जानकारी गराउन सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

**७.३ उद्देश्य**

१) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु

२) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु

३) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

**७.४ रणनीतिहरू**

१) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ

२) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिनेछ

३) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिनेछ

४) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिनेछ

५) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ

६) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ

७) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिनेछ

८) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ

९) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ

१०) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ

११) पुरस्कार र दण्ड प्रणालीको विकास गरिनेछ

## ७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

१) प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

२) कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना  गर्न मद्दत हुने

३) समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने

**प्रमुख नतिजाः**

१) नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने

२) अनुगमनका आधारमा नतिजा सुधार हुने

३) अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने

४) विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने

५) विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

६) सिकाईहरुको दस्तावेज तयार हुने

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | | | | | १ | | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | | १ | | | २ | | |
| ३ | अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | २ | २ | २ | २ | २ | १० | | |

# अनुसूचीहरु

## अनुसूची १

## गल्याङ नगरपालिका स्थित सम्पूर्ण सामुदायिक आधारभूत विद्यालय

| क्र.सं. | विद्यालयको नाम | वडा | सञ्चालित कक्षा | प्रधानाध्यापकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | श्री प्रतिभा आ.वि. | १ | १-५ | श्री सुमित्रा लुइटेल | |
| २ | श्री महेन्द्र आ.वि. | १ | १-५ | श्री श्याम बहादुर सारु | ९८४६२२०७१५ |
| ३ | श्री हिमाञ्चल आ.वि. | २ | १-८ | श्री ईश्वरी प्रसाद तिवारी | ९८४६५०६९५३ |
| ४ | श्री राधाकृष्ण आ.वि. | २ | १-८ | श्री छविलाल न्यौपाने | ९८५६०५९८५६ |
| ५ | श्री जगत्रदेवी आ.वि. | २ | १-५ | श्री बुममाया थापा | ९८४६०८४९२२ |
| ६ | श्री वमभंज्याङ आ.वि. | २ | १-५ | श्री कलादेवी न्यौपाने | ९८४६४५२१२५ |
| ७ | श्री लखन थापा आ.वि. | २ | १-५ | श्री थमिसरा थापा | ९८४६२०३३८१ |
| ८ | श्री वालसिद्ध आ.वि. | २ | १-३ | श्री भिम बहादुर पल्ली | ९८४६१६३५६० |
| ९ | श्री ज्ञानज्योती आ.वि. | ३ | १-५ | श्री सरस्वती भट्टराई | ९८४६१४२८७९ |
| १० | श्री चन्द्रज्योती आ.वि. | ४ | १-८ | श्री बालकृष्ण न्यौपाने | ९८४६१६०३०४ |
| ११ | श्री दूर्गादेवी आ.वि. | ४ | १-३ | | |
| १२ | श्री कोपीला आ.वि. | ४ | १-५ | श्री नामदेव पाण्डे | ९८५६०५०१६२ |
| १३ | श्री जनहित आ.वि. | ४ | १-५ | श्री सानु थापा | ९८४६४४७८५८ |
| १४ | श्री विद्याज्योती आ.वि. | ४ | १-३ | | |
| १५ | श्री कालिका आ.वि. | ५ | १-५ | श्री चिनीसरा थापा | ९८४६२२८२०६ |
| १६ | श्री वालकल्याण आ.वि. | ५ | १-५ | श्री तारा बहादुर क्षेत्री | ९८४६०४४८७० |
| १७ | श्री चण्डी आ.वि. | ५ | १-३ | श्री थान बहादुर थापा | ९८४६२९४१२० |
| १८ | श्री वालकल्यण आ.वि. | ५ | १-५ | श्री तारा वि.क. | ९८६७९२५०८६ |
| १९ | श्री सरस्वती आ.वि. | ५ | १-५ | श्री उमानाथ न्यौपाने | ९८५६०५०३४० |
| २० | श्री जनप्रिय आ.वि. | ५ | १-५ | श्री हरिसरा राना | ९८४६५०७२२४ |
| २१ | श्री सालघारी आ.वि. | ६ | १-५ | श्री गोमता चापागाई | ९८४६५४९१४४ |
| २२ | श्री जीवनज्योती आ.वि. | ६ | १-५ | श्री बालजित गुरुङ | ९८४६०७९०२१ |
| २३ | श्री सरस्वती आ.वि. | ६ | १-५ | श्री पुण्य प्रसाद भुषाल | ९८६६३५७५३६ |
| २४ | श्री पूण्यभूमी आ.वि. | ६ | १-३ | श्री जस कुमारी श्रेष्ठ | |
| २६ | श्री चिउरीखर्क आ.वि. | ६ | १-५ | श्री उमापती चापागाई | ९८६६०६०७१५ |
| २७ | श्री चितुङ आ.वि. | ६ | १-८ | श्री विमला कुमारी थापा | ९८४६०१४८०६ |
| २८ | श्री महाकाली आ.वि. | ७ | १-५ | श्री सरु पाण्डेय | ९८४३७४६२१७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | श्री कालिका आ.वि. | ७ | १-५ | श्री श्याम प्रसाद भट्टराई | ९८४७०८९८९१ |
| ३० | श्री सरस्वती आ.वि. | ७ | १-५ | श्री विनोद राना | ९८४६१९८५४७ |
| ३१ | श्री विरेन्द्र आदर्श आ.वि. | ७ | १-३ | श्री सिता अधिकारी | 9846208867 |
| ३२ | श्री महेन्द्र आदर्श आ.वि. | ७ | १-५ | श्री अनन्तकला न्यौपाने | ९८६६३४९६३० |
| ३३ | श्री नवदुर्गा आ.वि. | ७ | १-३ | श्री ईश्वरी प्रसाद ढकाल | ९८४६७६६२१८ |
| ३४ | श्री ज्योती आ.वि. | ७ | १-५ | | |
| ३५ | श्री जनज्योती आ.वि. | ८ | १-५ | श्री ईश्वरी प्रसाद खराल | ९८४६१३६००५ |
| ३६ | श्री चण्डीका आ.वि. | ८ | १-५ | श्री बिष्णु कुमारी श्रेष्ठ | ९८४६५५०३४९ |
| ३७ | श्री शिद्धशक्ति आ.वि. | ८ | १-५ | श्री बुद्धिसागर भण्डारी | ९८५६०५२२३४ |
| ३८ | श्री रामराज्य आ.वि. | ८ | १-५ | श्री अर्जुन गैह्रे | ९८४६२३८७८७ |
| ३९ | श्री नेत्रज्योती वा. आ.वि. | ९ | १-५ | श्री हुमकान्त खनाल | ९८४६७४८०५९ |
| ४० | श्री देवी भञ्ज्याङ आ.वि. | १० | १-५ | श्री गुमा कुमारी खनाल | ९८४६७६१५३८ |
| ४१ | श्री जनकल्याण आ.वि. | १० | १-५ | श्री फर्सुराम खनाल | ९८४६६२६१०१ |
| ४२ | श्री वालज्योती आ.वि. | ११ | १-५ | श्री साबित्रा रेग्मी | ९८४७५६९८४१ |
| ४३ | श्री गणेश आ.वि. तू. भ. | ११ | १-५ | श्री प्रभा सापकोटा | ९८४६१२१४८३ |
| ४४ | श्री तारादेवी आ.वि. तू.भ. | ११ | १-३ | श्री मिना कुमारी बगले श्रेष्ठ | |
| ४५ | श्री हूलाक आ.वि. तू.भ. | ११ | १-५ | श्री भेमला बराल | ९८४६७२४८४४ |
| ४६ | श्री लालीगुराँस आ.वि. | ९ | १-३ | | |

# गल्याङ नगरपालिका स्थित सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालय

| क्र.सं. | विद्यालयको नाम | वडा | सञ्चालित कक्षा | प्रधानाध्यापकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | श्री सार्वजनिक मा.वि. | १ | १-१२ | श्री चुरामणी पाण्डे | ९८५६०३०३६८ |
| २ | श्री शिवालय मा.वि. | २ | १-१२ | श्री दोलकनाथ गैह्रे | ९८५६०५११८१ |
| ३ | श्री भानूभक्त आ.मा.वि. | ३ | १-१२ | श्री निम प्रसाद पौडयाल | ९८४६०८७५३६ |
| ४ | श्री शिशुकल्याण मा.वि. | ४ | १-१२ | श्री लिलाबल्लौ अर्याल | ९८४६१४४३५४ |
| ५ | श्री कालिका मा.वि. | ४ | १-१२ | श्री शिव न्यौपाने | ९८५६०५०५९४ |
| ६ | श्री सत्यशिला मा.वि. | ५ | १-१० | श्री दिपक घिमिरे | ९८४७५७२५५४ |
| ७ | श्री नरोदय मा.वि. | ६ | १-१२ | श्री रामचन्द्र पौडयाल | ९८४६५७४८१० |
| ८ | श्री राष्ट्रिय मा.वि. | ७ | १-१० | श्री ईन्द्र बहादुर थापा | ९८४६०९७३६० |
| ९ | श्री नेपाल राष्ट्र मा.वि. | ७ | १-१२ | श्री राजेश शर्मा | ९८४६१२१४८२ |
| १० | श्री महेन्द्र दर्शन मा.वि. | ८ | १-१० | श्री कुलानन्द खनाल | ९८५६०१७५१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | श्री ज्ञानोदय मा.वि. | ९ | १-१२ | श्री बिष्णु भण्डारी | ९८५६०५०१४४ |
| १२ | श्री जानकी मा.वि. | ९ | १-१२ | श्री तेज प्रसाद खनाल | ९८५६०८६०२१ |
| १३ | श्री गण्डकी मा.वि. | ९ | १-१० | श्री लोकनाथ भण्डारी | ९८४६२१२८६९ |
| १४ | श्री पकवादी भञ्ज्याङ मा.वि. | १० | १-१२ | श्री लाल प्रसाद खनाल | ९८४१४३३४०८ |
| १५ | श्री वज्रे भञ्ज्याङ मा.वि. | ११ | १-१० | श्री नेत्र प्रसाद गैह्रे | ९८५६०५१५४५ |
| १६ | श्री गल्कोट मा.वि. | ११ | १-१२ | श्री विष्णु प्रसाद भट्टराई | ९८५६०५८२६७ |

# गल्याङ नगरपालिका स्थित सम्पूर्ण संस्थागत विद्यालय

| क्र.सं. | विद्यालयको नाम | वडा | सञ्चालित कक्षा | प्रधानाध्यापकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | श्री विश्वदेव बोर्डिङ | १ | १-५ | श्री राजेन्द्र बस्याल | ९८५६०५१४३४ |
| २ | श्री चिराग आवासिय मा.वि. | ३ | १-१२ | श्री टेक बहादुर क्षेत्री | ९८५६०५१७९२ |
| ३ | श्री आर्दश बोर्डिङ | ३ | १-१२ | श्री लक्ष्मण भुषाल | ९८५६०५१५१२ |
| ४ | श्री भु पु सैनिक बोर्डिङ | ३ | १-१० | श्री गणेश भुषाल | ९८६६५७८२६२ |
| ५ | श्री नेशनल चाइल्ड बोर्डिङ | ८ | १-१० | श्री कृष्ण बहादुर सिँजाली | ९८४६७०३२९३ |
| ६ | श्री मोडल चाइल्ड बोर्डिङ | ९ | १-८ | श्री बम बहादुर थापा | ९८१६१४०६७२ |
| ७ | श्री गिनचौर बोर्डिङ | ११ | १-८ | श्री द्रवेन्द्र देव खनाल | ९८४६११८८८६ |

# गल्याङ नगरपालिका स्थित वालविकास केन्द्र गुरुकुलम र सामुदायिक सिकाई केन्द्र

| | | | | | |
|---|---|---|---|---|---|
| १ | श्री शिवशक्ति वा.वि. | वडा नं. १ | वालविकास केन्द्र | मिना न्यौपाने | ९८६७२४५८६४ |
| २ | श्री रामनदीधाम संस्कृत गुरुकुलम | १ | संस्कृत गुरुकुलम | श्री कृष्ण प्रसाद बस्याल | ९८६०२८४४०८ |
| ३ | गल्याङ सामुदायिक सिकाइ केन्द्र | ३ | | श्री लक्ष्मण भट्टराई | ९८५६०५१८४४ |
| ४ | रानिपोखरी सामुदायिक सिकाइ केन्द्र | ५ | | श्री सोमनाथ बस्याल | ९८४६५७५२६७ |
| ५ | श्री जनभावना सामुदायिक सिकाइ केन्द्र | ११ | | श्री राजेन्द्र देव खनाल | ९८५६०३१९६२ |

# नगर शिक्षा समिति

| क्रं.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री गुरु प्रसाद भट्टराई | प्रमुख | ९८५६०२८६५७ |
| २ | श्री युवराज अधिकारी | सदस्य | ९८५६०१६१२९ |
| ३ | श्री घनश्याम भट्टराई | सदस्य | ९८५६०५०२०५ |
| ४ | श्री शशिकुमार वि क | सदस्य | ९८६६००५३५४ |
| ५ | श्री चन्द्र राना | सदस्य | ९८५६०२०५९१ |
| ६ | श्री तोयराज भट्टराई | सदस्य | ९८५६०२८५३४ |
| ७ | श्री लेखनाथ भट्टराई | सदस्य | ९८५६०२८६७० |
| ८ | श्री लेखनाथ चापागाई | सदस्य | ९८५६०५१३३३ |
| ९ | श्री चुरामणी पाण्डे | सदस्य | ९८५६०३०३६८ |

| | | | |
|---|---|---|---|
| १० | श्री सरस्वती भट्टराई | सदस्य | ९८४६१४२८७९ |
| ११ | श्री द्रवेन्द्र देव खनाल | सदस्य | ९८४६११८८८६ |
| १२ | श्री हिमलाल भण्डारी | सदस्य सचिव | ९८४६१५९५११ |

## शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारी विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री अग्निधर बस्याल | ना.सु. | ९८४६०९४८२५ |
| २ | श्री हिमलाल भण्डारी | स.शिक्षा अधिकृत (छैठौं) | ९८४६१५९५११ |

# गल्याङ नगरपालिका नगर कार्यपालिका सदस्य विवरण

| क्र स | पद | नाम थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| | प्रमुख | श्री गुरु प्रसाद भट्टराई | ग.न.पा -३ | ९८५६०२८६५७ |
| | उप-प्रमुख | श्री हेमा न्यौपाने | ग.न.पा. २ | ९८५६०५९८६६ |
| | सदस्य | श्री मणि प्रसाद बस्याल | ग.न.पा. १ | ९८५६०५१८७३ |
| | सदस्य | श्री खर्ग बहादुर थापा | ग.न.पा.- २ | ९८५६०८५०१२ |
| | सदस्य | श्री कृष्ण प्रसाद भट्टराई | ग.न.पा.- ३ | ९८५६०५१६८२ |
| | सदस्य | श्री ढाकाराम न्यौपाने | ग.न.पा.- ४ | ९८५६०५०१५० |
| | सदस्य | श्री घनश्याम भट्टराई | ग.न.पा.- ५ | ९८५६०५०२०५ |
| | सदस्य | श्री दिप गुरुङ | ग.न.पा.- ६ | ९८५६०८३५९० |
| | सदस्य | श्री झविलाल पाण्डेय | ग.न.पा.- ७ | ९८४६१०७३९७ |
| | सदस्य | श्री झिम बहादुर थापा | ग.न.पा.- ८ | ९८५११५०१७७ |
| | सदस्य | श्री नामदेव खनाल | ग.न.पा.- ९ | ९८४६०६४८३७ |
| | सदस्य | श्री मुक्ति प्रसाद खनाल | ग.न.पा.- १० | ९८६९१४९३६५ |
| | सदस्य | श्री दल बहादुर सिँजाली | ग.न.पा. ११ | ९८४६४२४४०४ |
| | सदस्य | श्री रेनु थापा | ग.न.पा. २ | ९८४०९५२६३६ |
| | सदस्य | श्री चन्द्रकला गौडेल | ग.न.पा. ५ | ९८४५४७२७९७ |
| | सदस्य | श्री सावित्रा भुषाल | ग.न.पा. ७ | ९८४६५७५६६ |
| | सदस्य | श्री उमा कुमारी थापा | ग.न.पा. ८ | ९८४६१३७३२७ |
| | सदस्य | श्री हिरा पाठक खनाल | ग.न.पा. ९ | ९८६७८७४१९९ |
| | सदस्य | श्री शशिधर वि.क. | ग.न.पा ११ | ९८६६००५३५४ |
| | सदस्य | श्री चेतकान्त दमै | ग.न.पा. ६ | ९८४७५६०२५० |
| | सदस्य | श्री संजय परियार | ग.न.पा. ३ | ९८१७११७०२४ |
| | सदस्य सचिव | श्री युवराज अधिकारी | प्रमुख प्रशासकिय अधिकृत | ९८५६०१६१२९ |

## अनुसूची २ गल्याङ नगरपालिकाको तहगत दरबन्दी विवरण

### गल्याङ नगरपालिकामा मौजुदा दरबन्दी विवरण (शिक्षा)

| मौजुदा दरबन्दी तह | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रा.वि. | | | निमावि | | | मा.वि. ९-१० | | | मा.वि. ११-१२ | | | |
| स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | दरबन्दी | राहत | जम्मा | |
| २११ | १४ | २२५ | ५० | १५ | ६५ | ३६ | २० | ५६ | ६ | १५ | २१ | |

| प्राविधक धार तर्फ १ ओटा | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ९-१० | | कक्षा ११-१२ | | वालविकास | मा वि लेखा कर्मचारी |
| सहायक प्रशिक्षक | प्रशिक्षक | प्रशिक्षक | विज्ञान शिक्षक | | |
| २ | २ | २ | २ | ७४ | १७ |

# अनुसूची ३ गल्याङ नगरपालिकाको जनासाङ्ख्यिक विवरण

## Key demographic indicators

### Population Highlights

Select a ward

Select

TOTAL POPULATION


**31,034**




SEX RATIO


**83.85** Male per 100 Female

### Sex ratio by ward





## Key social indicators

### Distribution of family structure by ward





### Percentage of female-headed households




## Key social indicators


### Population by Ancestor's language (Top 10 by size)





## Key social indicators




### Population percentage based on Caste (Top 10 by size)





### Population percentage based on Religion




# Children-related Indicators


## Child education status




## Child marriage before 18





# Key indicators on persons with disabilities





# Education status Indicators


## Overall literacy rate




## Literacy status by wards



## ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्या




## Education status Indicators

### Population distribution by level of educational attainment

